# साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप भाग-७५

# Overview of Weekly Media Study Vol. 75


**नेपाल संवाद केन्द्र**

काठमाडौं, नेपाल

इमेल : nepalsamwadkendra@gmail.com


**PDF पढ्नका लागि QR Scan गर्नुहोस**

मिति : २०८३ असार १४, आइतबार

नेपाल संवाद केन्द्रद्वारा प्रस्तुत यो साप्ताहिक मिडिया अध्ययन प्रतिवेदनले **२०८३ असार ८ गतेदेखि १४ गतेसम्म**का विभिन्न सञ्चारमाध्यममा प्रकाशित समाचार, विचार, विश्लेषण तथा सम्पादकीय सामग्रीको अध्ययनमार्फत नेपाली समाजका सामाजिक, सांस्कृतिक, राजनीतिक, कूटनीतिक, शैक्षिक तथा आर्थिक आयामहरूको समग्र चित्र प्रस्तुत गरेको छ । अध्ययन अवधिमा सञ्चारमाध्यमहरूले राष्ट्रिय हित, सुशासन, विकास, सामाजिक रूपान्तरण, सांस्कृतिक संरक्षण तथा अन्तर्राष्ट्रिय सम्बन्धसँग सम्बन्धित विषयलाई सन्तुलित रूपमा प्राथमिकतामा राखेका छन् ।

यस अवधिमा सञ्चारमाध्यममा सनातन सभ्यता, धार्मिक आस्था, सांस्कृतिक सम्पदा तथा पर्यटन प्रवर्द्धनसँग सम्बन्धित विषय उल्लेखनीय रूपमा प्रस्तुत भएका छन् । सनातन धर्मगुरु अवधेशानन्द गिरीको नेपाल भ्रमण, 'अवतार : एक विहङ्गम अवलोकन', मानवतालाई सर्वोच्च धर्मका रूपमा प्रस्तुत गर्ने विचार, महर्षि सुश्रुतको अन्तर्राष्ट्रिय सम्मान, प्राचीन पाषाण औजारको खोज, योगको महत्व, पञ्चकन्या मन्दिरमा गौमाता शिलामूर्ति अनावरण, पनौतीको ज्यापुन्ही जात्रा, संस्कृत शिक्षाको विशिष्टता, धार्मिक पर्यटकीयस्थलहरूको विकास तथा परम्परागत बाजाको संरक्षणजस्ता विषयले नेपालको सांस्कृतिक पहिचान र सभ्यताको संरक्षणमा सञ्चारमाध्यमले सकारात्मक भूमिका प्रस्तुत गरेका छन् । यससँगै सम्पदा संरक्षण, धार्मिक पर्यटन, दहीचिउरा तथा राष्ट्रिय धान दिवसजस्ता विषयले परम्परा र आधुनिक विकासबीच सन्तुलन कायम गर्ने आवश्यकतालाई उजागर गरेका छन् ।

राजनीतिक, कूटनीतिक तथा अन्तरदेशीय समाचारहरूले नेपालका समसामयिक नीति, शासन र अन्तर्राष्ट्रिय सम्बन्धलाई केन्द्रमा राखेका छन् । नेपाल-भारत व्यापार तथा लगानी सहकार्य, एलपिजी प्रतिबन्ध हटाउने भारतीय निर्णय, भारतीय पर्यटकको आगमन, पर्यटन क्षेत्रको प्रवर्द्धन, सुरक्षा निकायको भूमिका तथा लोकतान्त्रिक अभ्याससम्बन्धी बहसले मुलुकको आर्थिक तथा राजनीतिक दिशाबारे व्यापक विमर्श सिर्जना गरेका छन् । विशेषगरी राजनीतिक दलहरूको वैचारिक पुनर्संरचना, सामाजिक लोकतन्त्रको बहस, उत्पादनमुखी अर्थतन्त्रको आवश्यकता तथा सुसंस्कृत राजनीतिको अभ्याससम्बन्धी सामग्रीले लोकतान्त्रिक प्रणालीलाई थप उत्तरदायी र परिणाममुखी बनाउनुपर्ने सन्देश दिएका छन् ।

शिक्षा, प्रविधि तथा आर्थिक विकाससँग सम्बन्धित समाचारहरूले दीर्घकालीन राष्ट्रिय समृद्धिका आधारहरूलाई स्पष्ट रूपमा प्रस्तुत गरेका छन् । मेडिकल शिक्षामा विदेशी विद्यार्थीको कोटा विस्तार, प्रधानमन्त्री कार्यालयअन्तर्गत सफ्टवेयर विकासका लागि छुट्टै संरचना स्थापना गर्ने तयारी, सिस्नुलाई सुपरफुडका रूपमा स्थापित गर्ने प्रयास, उच्च शिक्षाको रूपान्तरण तथा प्राकृतिक स्रोत र पर्यटनको प्रभावकारी उपयोगसम्बन्धी विषयले ज्ञान, नवप्रवर्तन र उत्पादनमा आधारित अर्थतन्त्र निर्माणको आवश्यकतालाई जोड दिएका छन् । साथै विदेशमा आयोजित नेपाल-डे, सगरमाथा तथा धार्मिक पर्यटनसँग सम्बन्धित सामग्रीले नेपालको अन्तर्राष्ट्रिय छवि प्रवर्द्धनमा सञ्चारमाध्यमको योगदानलाई पनि उजागर गरेका छन् ।

समग्रमा, यस साताको मिडिया सामग्रीले नेपालको सांस्कृतिक पहिचान, लोकतान्त्रिक अभ्यास, आर्थिक रूपान्तरण, शैक्षिक सुधार तथा कूटनीतिक सम्बन्धका विविध पक्षलाई सन्तुलित र तथ्यपरक ढंगले प्रस्तुत गरेको देखिन्छ । सञ्चारमाध्यमले सूचना प्रवाहमा मात्र सीमित नरही राष्ट्रिय बहसलाई दिशा दिने, नीति निर्माणमा सहयोग पुऱ्याउने तथा सामाजिक चेतना अभिवृद्धि गर्ने महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् । यही कारणले यो साप्ताहिक मिडिया अध्ययन प्रतिवेदन अनुसन्धानकर्ता, नीतिनिर्माता, सञ्चारकर्मी तथा आम पाठकका लागि समसामयिक राष्ट्रिय विमर्श बुझ्न उपयोगी सन्दर्भ सामग्रीका रूपमा स्थापित हुने विश्वास गर्न सकिन्छ ।

**Date: 2083 Asar 14, Sunday**

## Weekly Media Study Summary – 75

The Weekly Media Study Report presented by Nepal Samwad Kendra provides a comprehensive overview of the social, cultural, political, diplomatic, educational and economic dimensions of Nepali society through an analysis of news reports, opinions, analytical articles and editorials published across various media outlets from **Asar 8 to Asar 14, 2083 B.S.** During the review period, the media gave balanced priority to issues related to national interest, good governance, development, social transformation, cultural preservation and international relations.

Throughout the week, considerable attention was devoted to topics concerning Sanatan civilization, religious faith, cultural heritage and tourism promotion. Coverage of the Nepal visit of Sanatan spiritual leader Avdheshanand Giri, *Avatar: A Panoramic Overview*, the philosophy of humanity as the highest religion, the international recognition of Maharshi Sushruta, the discovery of ancient stone tools, the significance of yoga, the unveiling of the stone idol of Gaumata at Panchakanya Temple, the Jyapunhi Festival of Panauti, the uniqueness of Sanskrit education, the development of religious tourist destinations and efforts to preserve traditional musical instruments reflected the media's positive role in safeguarding Nepal's cultural identity and civilizational heritage. Likewise, reports on heritage conservation, religious tourism, Dahi-Chiura Day and National Paddy Day emphasized the importance of maintaining a balance between tradition and modern development.

Political, diplomatic and international affairs remained another major focus of media coverage during the period. Reports on Nepal–India trade and investment cooperation, India's decision to lift the LPG restriction, the growing influx of Indian tourists, tourism promotion initiatives, the role of security agencies and debates on democratic practices stimulated broader discussions on the country's political and economic direction. In particular, discussions surrounding the ideological restructuring of political parties, the discourse on social democracy, the need for a production-oriented economy and the promotion of a cultured political culture underscored the importance of making Nepal's democratic system more accountable, responsible and result-oriented. News related to education, technology and economic development highlighted the fundamental pillars of Nepal's long-term prosperity. Expanding quotas for international students in medical education, preparations to establish a dedicated software development unit under the Office of the Prime Minister, initiatives to promote stinging nettle as a superfood, reforms in higher education and the effective utilization of natural resources and tourism all emphasized the need to build a knowledge-based, innovation-driven and production-oriented economy. Similarly, coverage of Nepal Day celebrations abroad, Mount Everest and religious tourism demonstrated the media's contribution to strengthening Nepal's international image.

Overall, the media coverage during the review period presents a balanced and factual portrayal of Nepal's cultural identity, democratic practices, economic transformation, educational reforms and diplomatic engagement. Beyond merely disseminating information, the media have continued to play a significant role in shaping national discourse, supporting policy formulation and promoting public awareness. Consequently, this Weekly Media Study Report is expected to serve as a valuable reference for researchers, policymakers, media professionals and the general public seeking to better understand Nepal's contemporary national discourse.

## २०८३ असार ०८ गतेदेखि जेठ १४ गते आइतबारसम्मका पत्रपत्रिकामा प्रकाशित समाचार, विचार, लेख र विश्लेषणको संक्षिप्त रिपोर्ट सबै Links को साथमा

### सनातन सभ्यताको जीवित केन्द्र

देवभूमि नेपालको धार्मिक, सांस्कृतिक र सभ्यतागत पहिचानका केन्द्रविन्दुमध्ये पशुपतिनाथको मन्दिर सर्वाधिक महत्वपूर्ण धरोहर हो । पशुपतिनाथको मन्दिर नेपाली सभ्यता, सनातन संस्कृति, आध्यात्मिक चेतना र राष्ट्रिय एकताको प्रतीक पनि हो । विश्वसम्पदा सूचीमा सूचीकृत पशुपति क्षेत्र हिन्दु धर्मावलम्बीको आस्थाको केन्द्रका रूपमा मात्र नभई नेपालको ऐतिहासिक, सांस्कृतिक र धार्मिक गौरवको प्रतिनिधि स्थलका रूपमा स्थापित छ । प्रत्येक वर्ष लाखौँ श्रद्धालु तथा पर्यटकले दर्शन र अवलोकन गर्ने यस क्षेत्रको महत्व दिनप्रतिदिन बढिरहेको छ । यसको महत्व अनुसार व्यवस्थापन, संरक्षण र दीर्घकालीन विकासका क्षेत्रमा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/210944**

### हिन्दू धर्म गुरु अवधेशानन्द गिरीको नेपाल यात्राको सन्देश, कहाँ के के गर्नुभयो

हिन्दू धर्मका प्रमुख गुरु स्वामी अवधेशानन्द गिरीले तीन दिवसीय नेपाल भ्रमणमा महत्वपूर्ण कार्यक्रमहरुमा सहभागी जनाउनुभयो । उहाँले पहिलो दिन ५ असारमा प्रबुद्ध वर्गको सम्मेलनलाई सम्बोधन गर्नुभयो । २ हजारको संख्यामा राजधानीको प्रज्ञा भवनमा उपस्थित प्रबुद्ध वर्गलाई सम्बोधन गर्ने क्रममा उहाँले नेपाललाई देवभूमि घोषित गर्न लागेकोमा सरकारलाई आभार व्यक्त गर्नुभयो । उहाँले नेपाल र भारतको सांस्कृतिक सम्बन्धको चर्चा गर्दै नेपालको सम्प्रभुताका लागि भारत, आफू र ऋषिमुनीहरु सधै खडा भइरहने स्पष्ट पार्नुभयो । बाँकी... स्रोत : **https://nepalhiti.com/news/9741**

### 'अवतार : एक विहङ्गम अवलोकन'

लामो समय प्रवचन र आध्यात्मिक साधनाका क्षेत्रमा बिताउनुभएका संस्कृत तथा नेपाली वाङ्मयका लेखक चेतोनाथ शर्मा आचार्यको 'अवतार : एक विहङ्गम अवलोकन' नामक दोस्रो कृति प्रकाशनमा आएको छ । वि.सं. २०७६ सालमा प्रकाशित उक्त कृतिको नयाँ संस्करणभित्र श्रीमद्भागवत, देवीभागवत, महाभारत, रामायण, विष्णुपुराण, शिवपुराण आदि विशालकाय पौराणिक ग्रन्थहरू तथा विभिन्न उपनिषद् र स्मृतिशास्त्रहरूमा वर्णित भगवद् अवतारका रहस्यमय विषयहरूलाई गम्भीरताका साथ विश्लेषण गरी कृतिलाई तीन खण्डमा तयार पारिएको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/211675**

### मानवता नै सर्वश्रेष्ठ धर्म

एक जना महाराजा आफ्नो दिनको सुरुवात सधैं अतिथिहरूलाई भोजन गराएर गर्ने गर्नुहुन्थ्यो। भोएकाहरुलाई तथा अतिथि (पाहुना) हरुलाई खुवाउन पाउँदा उहाँको मन प्रफुल्ल हुन्थ्यो । एक दिन कुनै पनि पाहुना उहाँको महलमा आएनन् । त्यसपछि उहाँ स्वयं अतिथि खोज्न बाहिर निस्कनुभयो। बाटोमा हिँडिरहेको एक व्यक्तिलाई देखेर उहाँले भोजनका लागि महलमा निम्तो दिनुभयो । भोजन गर्न बसेका ती अतिथिले भगवानको नाम नलिई खाना खान थाले । बाँकी...

स्रोत : **https://www.samwadkhabar.com/news/14281**

## एडिनबर्गको रोयल कलेज अफ सर्जन्समा 'शल्यचिकित्साका पिता' महर्षि सुश्रुतको कांस्य मूर्ति अनावरण

'शल्यचिकित्साका पिता' (फादर अफ सर्जरी) का रूपमा पुजिने महर्षि सुश्रुतको कांस्य मूर्ति संयुक्त अधिराज्य (यूके) को प्रतिष्ठित 'रोयल कलेज अफ सर्जन्स अफ एडिनबर्ग' मा अनावरण गरिएको छ । भारतको तमिलनाडु राज्यस्थित तन्जाभुर जिल्लाको कुम्बकोनम नजिकै रहेको स्वामिमलैका एक प्रख्यात 'स्थपति' (मूर्तिकार) र उनको टोलीले यो मूर्तिको निर्माण गरेका हुन् । विश्वकै सबैभन्दा पुरानो शल्यचिकित्सा कलेजमा सुश्रुतको मूर्ति स्थापना गरिनुलाई ती प्राचीन महर्षिप्रति एक सुहाउँदो सम्मानका रूपमा लिइएको छ, जसको प्राचीन संस्कृत ग्रन्थ 'सुश्रुत संहिता' लाई संसारकै सबैभन्दा पहिलो शल्यचिकित्सा सम्बन्धी लिखित दस्तावेज मानिन्छ । बाँकी...

स्रोत : **https://www.samwadkhabar.com/news/14279**

## प्राचीन पाषाण औजार फेला

बाँकेको राप्तीसोनारी गाउँपालिका-१, कुसुम क्षेत्रमा पुरातत्व विभागले गरेको खोज तथा अनुसन्धानका क्रममा अत्यन्त प्राचीन पाषाण औजार फेला परेका छन् । प्रारम्भिक अध्ययनले उक्त क्षेत्र प्रागैतिहासिक मानव सभ्यताको महत्वपूर्ण आवासस्थल रहेको सङ्केत गरेको छ । पुरातत्व विभागका पुरातत्व अधिकृत राजेश परियारका अनुसार अनुसन्धानका क्रममा विशेष प्रकारका पाषाण औजार तथा तिनका अवशेष फेला परेका छन् । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/211249**

## ५० पण्डितसहित सयभन्दा बढी भक्तजन, हवनसहित पूजा

नेपालको सबैभन्दा अग्लो स्थानमा रहेको मनाङ जिल्ला नेस्याङ गाउँपालिका -९ मा अवस्थित तिलिचो तालमा धार्मिक पर्यटक भित्र्याउने उद्देश्यले आयोजित तिलिचो ताल भक्तियात्रामा एक सयभन्दा बढीको धार्मिक भक्तजनको सहभागितामा समापन भएको छ । स्वामी ऋषि प्रपन्नाचार्यको सङ्कल्पमा विश्वभर रहेका हिन्दु धर्मावलम्बीहरू एक पटक पुग्नै पर्ने गन्तब्य बनाउन पहिलो पटक आयोजित यात्रामा ५० जना पण्डितको मात्रै सहभाति रहेको थियो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/211174**

## योग : खुसी र स्वस्थ जीवनको मार्ग

स्वस्थ रहँदै सदा मुस्कुराऊ, निर्मल बन र अरूलाई सम्मान गर। सबैबाट सम्मान लेऊ, मान्यजन, दीनदुःखीको सेवा गरी सुख देऊ अनि आफूले पनि सुख प्राप्तिको बोध गर र सुखी, स्वस्थ तथा सदाचारी जीवन बिताउने प्रण गर। ईश्वरीय शक्तिको संवाहक मानिने योग साधनाको मर्म भनेको यही हो। योग आत्म प्रबन्धन तथा आत्मानुशासन हो, शारीरिक, मानसिक र आत्मिक व्यायाम हो, चिकित्सा विज्ञान हो, जीवन विज्ञान हो, जीवन जिउने उत्तम कला हो र मोक्षको द्वार पनि यही हो। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/143728/2024-06-21**

## देशलाई चिनौं संसारलाई चिनाऔं

मानव स्वभाव जिज्ञासु हुन्छ। हामी सधैं नयाँ कुरा जान्न, नयाँ ठाउँ देख्न, फरक संस्कृति बुझ्न र विभिन्न अनुभव सङ्कलन गर्न चाहन्छौं। यही जिज्ञासा र साहसिक भावनाले मानिसलाई घरबाट बाहिर निस्केर यात्रामा डोऱ्याउँछ। यात्रा भनेको केवल एउटा ठाउँबाट अर्को ठाउँमा सर्नु वा फोटो खिच्नु मात्र होइन, यो हाम्रो सोचाइलाई फराकिलो बनाउने, पूर्वाग्रहहरू तोड्ने, नयाँ दृष्टिकोण दिने र जीवनलाई गहिरो अर्थपूर्ण बनाउने निरन्तर प्रक्रिया हो तर यात्राको सबैभन्दा सुन्दर र बलियो सुरुवात भने आफ्नै देशबाट गर्नु पर्छ। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/211851**

## पञ्चकन्या मन्दिरमा गौमाता शिलामूर्ति अनावरण

भोजपुरको पौवादुङमा गाउँपालिका-३ च्याङ्गेस्थित निर्माणाधीन पञ्चकन्या मन्दिर परिसरमा करिब चार हजार किलोग्राम तौलको शिलाबाट निर्मित गौमाताको प्रतिमा अनावरण गरिएको छ। धार्मिक किंवदन्तीअनुसार पाँचथुने गाईले पञ्चकन्या देवीलाई दूध चढाउँदै गरेको प्रतीकात्मक आकृतिमा उक्त प्रतिमा निर्माण गरिएको हो। एउटै शिलाबाट तयार गरिएको यो गाईको मूर्ति नेपालकै ठूलो भएको दाबी गाउँपालिकाले गरेको छ। बाँकी...

स्रोत : **https://khabarhub.com/2026/21/986715/**

## गाई खोज्दै जाँदा

यो ब्लग स्थानीय जातको गाई खोज्दाको सन्दर्भमा आधारित छ। पशुपालनको कुरा गर्दा अधिकांश मानिसलाई 'उन्नत जात' को पशुपालनमा रुचि हुन्छ; जस्तो कि गाई भन्नेबित्तिकै जर्सी वा होलिस्टिन जस्ता जातको, जसको दूध धेरै होस्। तर, माटोलाई जीवन्त बनाउने हाम्रो जस्तो वातावरणीय (पारिस्थितिक) खेतीका लागि भने यो कथा बिल्कुलै फरक छ। बिरुवाले माटोबाट आफैं खाना खाँदैन, यसलाई चम्चा चाहिन्छ। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/06/1961548/while-looking-for-a-cow**

## परम्परागत बाजा संरक्षण गर्न कसिँदै युवापुस्ता

नेवार समुदायमा परम्परागत बाँसुरी बाजा निकै प्रसिद्ध छ। यस परम्परालाई जोगाएर राख्न एक पुस्तबाट अर्को पुस्तामा सीप हस्तान्तरण गरिरहनुपर्ने हुन्छ। यसै अनुसार मध्यपुर थिमि-१ लोकन्थलीस्थित सिद्धि गणेश दाफा भजन खलःले बाँसुरी बादन प्रशिक्षण आयोजना गरेको थियो। ९ महिनाको प्रशिक्षणपछि बाँसुरी बादन प्रशिक्षण समापन तथा प्रदर्शन कार्यक्रम (बाजा पिथनेगु ज्याभ्वः) आयोजना गरिएको छ। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/06/1959554/young-generation-striving-to-preserve-tradition**

## सेनाको सहयोगमा भीमेश्वर मन्दिर परिसरमा रेलिङ निर्माण

दोलखाको प्रसिद्ध भीमेश्वर मन्दिर परिसरमा नेपाली सेनाले भक्तजनहरुको लागि लाइन बस्ने बार (रेलिङ) निर्माण गरेको छ। नेपाली सेनाको गरुडदल गण चरिकोटले निर्माण गरेको रेलिङ मध्यपूर्व पृतनाको पृतनापति उपरथी भुवन खत्रीले शुक्रवार भीमेश्वर मन्दिर तथा गुठी व्यवस्थापन समितिलाई हस्तान्तरण गरेका छन्। बाँकी... स्रोत : **https://newsofnepal.com/2026/06/26/775018/**

## पनौतीको ज्यापुन्ही जात्रा

पनौती नगरपालिका बागमती प्रदेशको काभ्रेपलाञ्चोक जिल्लामा पर्छ । समुद्री सतहबाट चार हजार छ सय फिटको उचाइमा अवस्थित पनौतीको हावापानी समशीतोष्ण प्रकारको छ। असला माछा, आलु, धान, सुन्तला, लप्सी तथा घिउको निकासीका लागि प्रख्यात पनौती व्यापारिक दृष्टिले पनि महत्वपूर्ण छ । पनौती परम्परागत कला, संस्कृति, धार्मिक, ऐतिहासिक, व्यापारिक, पर्यटकीय दृष्टिले अझ बढी महत्वको छ। पौराणिक कथन अनुसार पनौतीलाई नागले वेष्टित गरेको छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/211855**

## भुटानका गृहमन्त्री छिरिङले लुम्बिनीमा बिताएका ती चार घण्टा

एकदिने भ्रमणमा आएका भुटानका गृहमन्त्री लियोन्पो छिरिङले बुद्ध जन्मस्थल लुम्बिनीमा शनिबार ४ घण्टा बिताएका छन्। भुटानको राजधानी पारोदेखि ड्रुक एयरको चार्टर्ड फ्लाइटमार्फत उनी भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका थिए । शनिबार बिहान ९ बजे लुम्बिनी पुगेका उनी १ बजेसम्म यहीँ बसेका थिए। त्यस क्रममा लुम्बिनीस्थित मायादेवी मन्दिरका साथ अशोक स्तम्भ र पुष्करणी पोखरी पनि अवलोकन गरेका थिए। बाँकी...

स्रोत : **https://ekantipur.com/photo_feature/2026/06/27/the-four-hours-bhutanese-home-minister-tshering-spent-in-lumbini-photos-40-23.html**

## काभ्रेमा किसानहरूले महादेवको पूजा गरेर मागे पानी

लामो समयदेखि वर्षा नभएर बालीनाली सुक्न थालेपछि काभ्रेपलाञ्चोकको मण्डनदेउपुर नगरपालिका-१० र ८ का किसानहरूले महादेवको पूजा गरेर पानी मागेका छन् । मण्डनदेउपुर नगरपालिका-१० का किसानले मण्डन क्षेत्रकै सबैभन्दा अग्लो थानडाँडा (थामीडाँडा) स्थित महादेव मन्दिरमा विशेष पूजा गर्दै वर्षाको कामना गरेका छन् भने मण्डनदेउपुर नगरपालिका-८ का किसानले नरसिंगेश्वोर महादेव मन्दिरमा महारुद्री लगाएर महादेवसँग पानी मागेका हुन। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1964212/farmers-in-kavre-worship-lord-shiva-and-ask-for-water**

## सप्तरीमा १३५ परिवारका ८४१ सदस्य द्वारा पुनः सनातन हिन्दू धर्ममा घर वापसी

विश्व हिन्दू परिषद् नेपालको सक्रिय पहल तथा स्थानीय धर्मप्रेमी समाजको सहयोगमा सप्तरी जिल्ला, राजविराज नगरपालिका-१४, परसाही गाउँ मा आयोजित “ग्राम शुद्धीकरण महायज्ञ (घर वापसी) कार्यक्रम“ सफलतापूर्वक सम्पन्न भएको छ । उक्त कार्यक्रममा १३५ जना सहभागीका ८४१ परिवार सदस्यले वैदिक विधि, हवन, पूजा तथा शुद्धीकरण संस्कारमार्फत स्वेच्छापूर्वक पुनः सनातन हिन्दू धर्म अंगीकार गरेका छन्। कार्यक्रम धार्मिक आस्था, सांस्कृतिक संरक्षण तथा सामाजिक एकताको भावनालाई सुदृढ बनाउने उद्देश्यका साथ सम्पन्न गरिएको हो। बाँकी...

स्रोत : **https://samwadkhabar.com/news/14286**

## देहेडूमा देउडाको धड्कन

**कर्नाली राता र दिन भाग्याको भागै छ,**
**रानीचणा तेरी सौंराई लाग्याकी लागै छ...।**

कर्णाली अञ्चलका पाँचवटै जिल्लामा वर्षभरि चाडपर्वहरू लागि नै रहन्छन् । स्थानीय भाषामा चाडपर्वलाई 'पैठ' भनिन्छ । हरेक जिल्लाका पैठका विशेषता निकै रोचक लाग्ने गर्दछन् । कुनै देवतासँग जोडिएका पाउँछौं भने कुनै परम्परा, रीतिरिवाज र धामीझाँक्रीसँग पनि जोडिएका पाउँछौं ती पैठहरू । कालीकोट जिल्लाको पचाल झरना-५, बाँझकोट (बाच्कोट) मा 'देहेडू' (देहेणु) जात्राबारे धेरैलाई थाहा छैन । देवताका धामीसँग जोडिएको यो जात्राको विशेषता बडो अनौठो छ । बाँकी...

स्रोत : **https://www.annapurnapost.com/story/502484/**

## लुम्बिनी-भुटान हवाई सम्पर्क विस्तारमा जोड

नेपाल र भुटानबिच पर्यटन, धार्मिक तथा सांस्कृतिक सम्बन्ध सुदृढ बनाउने उद्देश्यले लुम्बिनीमा उच्चस्तरीय द्विपक्षीय वार्ता सम्पन्न भएको छ। भुटान सरकारले लुम्बिनीमा निर्माण गर्न लागेको भुटानी गुम्बाको शिलान्यासका क्रममा भएको वार्तामा हवाई सम्पर्क विस्तार, धार्मिक पर्यटन प्रवर्धन तथा नेपाली नागरिकको भुटान भ्रमण सहज बनाउने विषयमा छलफल भएको हो।

**https://gorkhapatraonline.com/news/211963**

## समृद्धिका लागि सालको बिउ

साल अथवा सखुवा नेपालको तराई तथा भित्री मधेश र तल्लो पहाडी क्षेत्रको शीतोष्ण र समशीतोष्ण हावापानीमा प्राकृतिक रूपमा पाइने ठुलो पतझड र मूल्यवान् स्वदेशी वनस्पति हो । सालको रुखको आयु सयौं वर्ष हुन्छ । काठ सबैभन्दा बलियो र टिकाउ हुने हुँदा निर्माण कार्यका लागि सर्वाधिक रोजाइमा पर्छ । काठका अलावा यसको बिउ (साल सिड) पनि मूल्यवान् हुन्छ । सालको बिउबाट उत्पादन गरिने तेल (साल सिड आयल) विभिन्न प्रकारका खाद्य, पेय र सौन्दर्यवर्धक वस्तु निर्माणमा प्रयोग गरिने हुँदा अन्तर्राष्ट्रिय बजारमा यसको माग उच्च छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/211840**

## संस्कृत शिक्षाको विशिष्टता

नेपाल संस्कृत विश्वविद्यालयलाई राज्य, राज्यका निकाय, राजनीतिक नेतृत्व तथा समाजले हेर्ने दृष्टिकोण सतही छ । प्रायः संस्कृत शिक्षालाई केवल भाषा अध्ययन, कर्मकाण्ड सम्पन्न गर्ने पण्डित तथा पुरोहित उत्पादन गर्ने क्षेत्र वा राशिफल हेर्ने ज्योतिषशास्त्रसम्म मात्र सीमित रूपमा बुझ्ने प्रवृत्ति छ । संस्कृत विश्वविद्यालयले सम्पूर्ण संस्कृत वाङ्मयलाई समेटेको हुन्छ । संस्कृत वाङ्मय केवल धार्मिक वा कर्मकाण्डीय विषयमा सीमित नभई जीवन र जगत्सँग सम्बन्धित व्यापक ज्ञान परम्पराको समग्र रूप हो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/211979**

## धार्मिक पर्यटकीयस्थल बन्दै 'आत्मा पवित्र गुराँसे माङहिम'

पाँचथरको हिलिहाङ गाउँपालिका-६ गुराँसेमा निर्माण भइरहेको आत्मा पवित्र गुराँसे माङहिम (मन्दिर) धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास भइरहेको छ । धेरै स्थानीय सामग्रीको प्रयोग गरी आठ रोपनी क्षेत्रफलमा माङहिमका संरचना धमाधम निर्माण भइरहेका छन् । मेची राजमार्ग नजिकै दृश्यावलोकनका लागि उपयुक्त यस स्थानमा आकर्षक संरचनासहितको माङहिम र अग्निकुण्ड निर्माणको काम करिब अन्तिम चरणमा पुगेको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1959759/spiritual-holy-guranse-manghim-to-be-a-religious-tourist-destination**

## जलवायु परिवर्तन : हिमालको संकट, तराईको भविष्य

बदलिँदो मौसमको असर अब केवल प्रकृतिमा सीमित छैन- यसले मानिसको दैनिकी, श्रम, स्वास्थ्य, जीविकोपार्जन, बसोबास र भविष्यका चिन्तासम्मै प्रभाव पार्न थालेको छ। यी घटना अब छुट्टाछुट्टै प्राकृतिक संयोग मात्रै होइनन्, तिनलाई जोड्ने साझा कारण हो- जलवायु परिवर्तन। के तपाईंलाई पहिले-पहिलेका जाडोका दिन सम्झना छन् ? बिहानको बाक्लो हुस्सु, लामो समयसम्म रहने चिसो, बाक्लो ऊनीको लुगा र आगो तापेर बिताएका साँझहरू ! बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/06/23/climate-change-the-crisis-in-the-himalayas-the-future-of-the-terai-50-08.html**

## चिनियाँ पर्यटक बढाउन बेइजिङमा नेपाल भ्रमण वर्ष

हुन त माथिको शीर्षक हेर्दा नेपालमा पर्यटक संख्या बढाउनका लागि चीन सरकारले आफ्नो देशको केन्द्रीय राजधानी शहर बेइजिङमा 'नेपाल भ्रमण वर्ष' आयोजना गर्छ ? भन्ने लाग्न सक्छ तर यो कुरो साँचो हो । यो कुरा गतवर्ष अर्थात् सन् २०२३ अक्टोबर महिनामै पक्का भइसकेको हो । हो, त्यस बेलामा विश्वकै एक प्रमुख समाचार संस्थाका रूपमा स्थापित बिबिसी सेवाको नेपाली संस्करण (अनलाइन)मा समाचार प्रकाशित-अपलोड भएको थियो । बाँकी...

स्रोत : **https://ehimalayatimes.com/2024/07/249322/**

## कर्णालीका पर्यटकीय क्षेत्रमा करोडौं लगानी गर्दै प्रदेश सरकार

कर्णाली सरकारले प्रदेशका पाँच महत्वपूर्ण पर्यटकीय गन्तव्यको संरक्षण, विकास र प्रवर्धन गर्न प्रदेश सरकारले करोडौं बजेट विनियोजन गरेको छ । पूर्वाधार तथा पर्यटकीय क्षेत्रलाई मूलधारमा ल्याउन सरकारले करोडौं रकम विनियोजन गरेर आगामी आर्थिक वर्षदेखि काम सुरु हुनेगरी योजना बनाएको छ । पाँच पर्यटकीयस्थलको विकासका लागि आगामी आर्थिक वर्षका लागि २१ करोड ३५ लाख रुपैयाँ विनियोजन गरिएको हो । प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य नम्बर ५० मा रारा ताल, काँक्रेविहार, बुलबुले उद्यान तथा चौहान पार्क, कुपिण्डे दह र स्यार्पु ताल संरक्षण तथा विकासका लागि २१ करोड ३५ लाख रुपैयाँ विनियोजन गरिएको उल्लेख छ । बाँकी...

स्रोत : **https://www.karobardaily.com/news/387695**

## सुरक्षा निकायमा कार्यक्षेत्रगत अन्योलता, सशस्त्रको भूमिका

आगामी ३० देखि ५० वर्षको राष्ट्रिय सुरक्षा आवश्यकतालाई मध्यनजर गरी सशस्त्र प्रहरीलाई केवल नाम मात्रको संगठनमा सीमित नराखी आन्तरिक र सीमा सुरक्षाको भरपर्दो र व्यावसायिक संगठनका रूपमा विकास गर्नुपर्छ । मुलुकको सुरक्षा संरचनाको इतिहास हेर्दा, पृथ्वीनारायण शाहद्वारा सुरु गरिएको राज्य एकीकरणको कालदेखि नै राष्ट्रिय सुरक्षा मुख्यतः सेना केन्द्रित थियो । कालान्तरमा, आन्तरिक शान्ति सुव्यवस्थाको जिम्मेवारी नेपाल प्रहरीको काँधमा आयो । २०५२ सालमा सुरु भएको आन्तरिक विद्रोह (माओवादी सशस्त्र द्वन्द्व) को समयमा सुरुवाती चरणमा नेपाल प्रहरीलाई नै परिचालन गरियो । बाँकी...

स्रोत : **https://annapurnapost.com/story/502313/**

## लुम्बिनी विकास कोषका १२ पदाधिकारीका लागि ७ सयको निवेदन

लुम्बिनी विकास कोषमा एक दर्जन पदाधिकारीका लागि ७ भन्दा बढीले आवेदन भरेका छन् । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले ती पदमा नियुक्तिका लागि आवेदन माग गरेको थियो । नियुक्तिका लागि ७ सय २७ जनाले आवेदन गरेका छन् । आवेदन दिने व्यक्तिले आफ्नो बायोडाटा मन्त्रालयको क्यूआर स्क्यान गरेर अपलोड गरेका छन् । मन्त्रालयले रोस्टर  सार्वजनिक गरिसकेको छ । योजना प्रमुखसहित १२ पदाधिकारीका लागि आवेदन माग गरिएको थियो । बाँकी...

स्रोत : **https://ekantipur.com/lumbini-pradesh/2026/06/23/700-applications-for-12-office-bearers-of-lumbini-development-fund-04-38.html**

## पर्यटन मन्त्रालयअन्तर्गतका रिक्त १७ पदका लागि चार हजार ३४८ जनाको आवेदन

संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालयअन्तर्गतका विभिन्न १७ निकायमा चार हजार ३४८ जनाको आवेदन परेको छ । मन्त्रालयले मंगलबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार १७ वटा विभिन्न निकायमा रिक्त रहेका पदका लागि आह्वान गरिएको रोष्टर सूचीमा चार हजार ३४८ जनाले आवेदन परेको हो । आवेदन दिनेमा नेपाल पर्यटन बोर्डमा ८५५, नेपाल नागरिक उड्डयन प्राधिकरणमा ५७८, पशुपति क्षेत्र विकास कोषमा ४७६, लुम्बिनी क्षेत्र विकास कोषमा ४६५, नेपाल प्रज्ञा प्रतिष्ठानमा ४३८, सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानमा १९६ जनाले आवेदन दिएका छन् । बाँकी...

स्रोत : **https://www.sidhakura.com/detail/24530**

## डरमाथि विजय : पहिलो बन्जीको अविस्मरणीय अनुभव

म केवल डोरीमा झुण्डिएको व्यक्ति होइन, आफ्नै डरलाई जितेर अघि बढेको एक यात्री हुँ । काठमाडौं । सिन्धुपाल्चोक पहिलोपटक कहिले पुगेँ भन्ने ठ्याक्कै सम्झना छैन । तर त्यहाँ पुग्दा विदेशी पर्यटकहरूले बन्जी जम्प गरिरहेको दृश्य भने अझै ताजै छ । त्यतिबेलै मनमा एउटा सानो रहर पलाएको थियो- जीवनमा एक पटक त म पनि बन्जी जम्प गरेर हेर्छु । तर रहर र अवसर सधैं सँगसँगै हुँदैनन् । वर्षौंसम्म त्यो सपना मनमै सीमित रह्यो । हरेक वर्ष गृह जिल्ला भक्तपुरबाट विभिन्न कामका सिलसिलामा सिन्धुपाल्चोक जाने अवसर मिलिरहन्थ्यो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1961522/conquering-fear-the-unforgettable-experience-of-my-first-bungee-jump#**

## एक सय आठ कुण्ड सङ्कटमा

भृकुटी हिमालको काखमा देखिने १०८ कुण्ड जलवायु परिवर्तनका कारण पछिल्लो समय सङ्कटमा पर्दै गएपछि स्थानीयले चिन्ता व्यक्त गरेका छन्। मनाङ र मुस्ताङ जिल्लाको चीन-तिब्बत सिमानामा छ हजार ४७६ मिटरको उचाइमा अवस्थित यहाँको तालक्षेत्रमा तापक्रम बढेसँगै हिमपहिरोसहित ढुङ्गा र गेग्रान खस्दा ताल पुरिएर सङ्कटमा परेका छन्। दामोदरकुण्डमा तीर्थालु र भृकुटी हिमाल क्षेत्रमा पर्यटक लिएर जाने दामोदरकुण्ड गाउँपालिका-४, सुर्खाङका टुरिस्ट गाइड पासाङ गुरुङ अहिले साना साना कुण्ड सबै पुरिएका र केही मात्रै देखिने गरेको बताउनुहुन्छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/212002**

## प्राकृतिक प्रकोपमा सम्पदा संरक्षण

बाढी, पहिरो, भूक्षय तथा भूकम्प प्राकृतिक प्रकोप हो । यस्ता प्रकोप कुनै पनि मानवद्वारा सृर्जित होइनन् र यसको पूर्ण नियन्त्रण मानवद्वारा हुनै सक्दैन । बरु त्यसबाट हुने क्षतिलाई भने केही हदसम्म रोकथाम र नियन्त्रण गर्न सकिन्छ । प्राकृतिक प्रकोपले धनी गरिब केही नछुट्याई सबै वर्ग, लिङ्ग र जातिलाई उही समान रूपमा क्षति पु¥याउँछ । मानव सभ्यताको विकासक्रममा मानिसले विभिन्न सांस्कृतिक तथा धार्मिक सम्पदा निर्माणले पछिल्लो पुस्ताका लागि संस्कार र संस्कृतिका रूपमा विकास हुन्छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/211834**

## दहीचिउरा र राष्ट्रिय धान दिवस

अधिकांश नेपाली नागरिकको जीवनयापन कृषि पेसामा आधारित छ । कृषि क्षेत्रले देशको अर्थतन्त्र, खाद्य सुरक्षा, रोजगारी र ग्रामीण जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्छ । नेपाली समाजमा असार १५ विशेष महत्त्व बोकेको दिन हो। यो दिनलाई राष्ट्रिय धान दिवस तथा दही-चिउरा खाने दिवसका रूपमा मनाइन्छ । सम्पूर्ण नागरिक र किसानका लागि यो दिन केवल एक पर्व मात्र नभई कृषि संस्कृतिसँग जोडिएको उत्सव, श्रमको सम्मान र प्रकृतिप्रतिको कृतज्ञताको प्रतीक पनि हो ।बाँकी...

स्रोत : **https://dhorpatannews.com/2026/06/166858/**

## मेचीदेखि महाकाली सम्म

मेची देखि महाकाली सम्म<br>
पवित्र अधिष्ठान हाम्रो ॥<br>
देशको उच्च शिखर<br>
सगरमाथा शान हाम्रो ।<br>
देशको मध्य<br>
मनोकामना पहिचान हाम्रो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1963482/from-mechi-to-mahakali**

## आस्थाको धरोहर साल्पा पोखरी

म नास्तिक हुँ भन्ने मानिसले पनि आफूलाई आपत्विपत् आइपर्दा आफ्नो धार्मिक सम्प्रदायले मान्दै आएको धर्म अनुसारका भगवान्, ईश्वर, देवीदेउता, माङ, गड, अल्ला:, याहवेह, वाहेगुरु, अकालपुरख आदिलाई सम्झने र पुकार्ने गर्छन् । नेपालको पूर्वी पहाडी जिल्ला भोजपुर, सोलुखुम्बु, सङ्खुवासभा र खोटाङ, खासमा खोटाङ र सङ्खुवासभा जिल्लाको सीमा साल्पा पोखरीसम्म छैन । खोटाङको सीमाले साल्पा पोखरीलाई छुँदैन, कुलू-पोङ्खो (साल्पा भन्ज्याङ/डाँडा) लाई मात्रै छुन्छ भने सङ्खुवासभाले सिलिछो (सिलिछु/सिचिचोङ) चुलीलाई मात्र छुन्छ । साल्पा पोखरीलाई नेपालका हिन्दु, किराँत, बौद्ध र प्राकृतिक धर्म मान्नेहरूको सङ्गमस्थलका रूपमा लिइन्छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/211838**

## ढोरपाटनमा सिकार पर्यटन कि दिगो प्राकृतिक पर्यटन ?

ढोरपाटनको नाम विश्वभर नेपालको एकमात्र सिकार आरक्षका रूपमा परिचित छ । यहाँ हुने नियन्त्रित सिकारबाट नेपाल सरकारले वर्षेनी ४ देखि ५ करोड रुपैयाँसम्म राजस्व संकलन गर्छ । तर पछिल्ला वर्षमा अर्को प्रश्न सशक्त रूपमा उठ्न थालेको छ- ढोरपाटनको भविष्य सिकार पर्यटनमा छ कि प्राकृतिक सौन्दर्य र जैविक विविधतामा आधारित दिगो पर्यटनमा ? स्थानीय, पर्यटन व्यवसायी, संरक्षणकर्मी र विज्ञहरू अहिले यही बहसमा छन् । उनीहरूको साझा निष्कर्ष छ- सिकार पर्यटनले राज्यलाई राजस्व दिए पनि प्राकृतिक पर्यटन विस्तार गर्न सके त्यसको प्रत्यक्ष लाभ स्थानीय समुदायले पाउनेछ । बाँकी...

स्रोत : **https://ekantipur.com/pradesh-4/2026/06/27/hunting-tourism-or-sustainable-nature-tourism-in-dhorpatan-48-54.html**

## नेपाल-भारत व्यापार तथा लगानी सहकार्य सुदृढ गर्न निक्की र गीताबीच समझदारी

उद्योग वाणिज्य संघ (निक्की) ले भारत स्थित ग्लोबल इन्भेस्टमेन्ट एण्ड ट्रेड एडभाइजर्स (गीता) संग समझदारीपत्र (एमओयू) मा हस्ताक्षर गरेका छन् । यस समझदारीले नेपाल र भारतबीच व्यापार, लगानी, संस्थागत साझेदारी तथा आर्थिक सहकार्य प्रवर्द्धन गर्न रणनीतिक सहकार्यको स्वरुप निर्माण गरेको छ । यो साझेदारीले सीमा-पार व्यापारिक सम्बन्धलाई थप सुदृढ बनाउने, ज्ञान तथा अनुभवको आदान-प्रदानलाई सहज बनाउने, तथा दुवै देशका लगानीकर्ता र उद्यमीहरूका लागि नया“ अवसरहरू सिर्जना गर्ने साझा प्रतिबद्धतालाई झल्काउदछ । बाँकी... स्रोत : **https://www.hamroartha.com/news/133174**

## भारतीय पर्यटकले पोखराका होटल भरिभराउ

पर्यटकीय राजधानी पोखरामा भारतीय पर्यटक खचाखच भएपछि यहाँका होटल भरिभराउ भएका छन् । यतिबेला लेकसाइडका सडक र बाराही मन्दिरमा अधिकांश भारतीय पर्यटकको चहलपहल बढेको छ । गण्डकी प्रदेशका प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्यहरू, विशेषगर फेवातालाको तालबाराही मन्दिर, विन्ध्यवासिनी, मुक्तिनाथ, तथा विभिन्न पदयात्रामा भारतीय पर्यटकको सङ्ख्या उत्साहजनक रहेको होटल सङ्घ पोखरा, नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले बताए । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/social-affairs/indian-tourists-fill-pokhara-hotels-47-22.html**

## भारतीय पर्यटक बोकेर ६ नाकाबाट मात्रै भित्रिन्छन् दिनको २५ सय सवारी

नेपालको पर्यटन क्षेत्रमा 'अफ सिजन'मै पनि भारतीयका कारण गन्तव्य गुलजार बनेपछि व्यवसायी उत्साही । कञ्चनपुर, नेपालगन्ज, कपिलवस्तु, भैरहवा, चितवन, पोखरा, बागलुङ, वीरगन्ज र पाल्या – मुलुकमा रहेका प्राकृतिक, सांस्कृतिक, धार्मिक र साहसिक पर्यटकीय गन्तव्यमा स्वदेशीसँगै विदेशी पर्यटक आउने क्रम ह्वात्तै बढेको छ। केही महिनायता छिमेकी मुलुक भारतबाट आउने पाहुनाका कारण पूर्वदेखि पश्चिमसम्मका प्रमुख गन्तव्यमा चहलपहल भइरहेको छ। बाँकी...

स्रोत : **https://ekantipur.com/business/2026/06/28/2500-vehicles-carrying-indian-tourists-enter-through-just-6-border-points-per-day-41-20.html**

## एलपिजी प्रतिबन्ध हटायो भारतले

मध्यपूर्वमा उत्पन्न युद्धका कारण प्रभावित भएको ऊर्जा आपूर्ति क्रमशः सहज बन्दै गएपछि भारतले व्यावसायिक तरल पेट्रोलियम ग्यास (एलपिजी) मा लगाइएको प्रतिबन्ध हटाएको छ । हर्मुज जलघाँटी पुनः सञ्चालनमा आएपछि ऊर्जा आपूर्ति सुधारिएको भन्दै भारत सरकारले सङ्कटकालीन नियन्त्रणहरू अन्त्य गरेको हो । पेट्रोलियम मन्त्रालयले बिहीबार राति जारी गरेको विज्ञप्तिमा गैर-घरेलु प्याक गरिएको एलपिजीमाथिको प्रतिबन्ध हटाइएको र पश्चिम एसियामा सङ्कट सुरु हुनुअघिकै स्तरमा आपूर्ति पुनःस्थापित गरिएको जनाएको छ । मन्त्रालयका अनुसार सङ्कटको सुरुआतमा रोकिएको बल्क एलपिजी आपूर्तिलाई पनि पूर्ववत् उपभोगको ५० प्रतिशतसम्म पुनः सञ्चालन गरिएको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/211771**

## भारतीय पर्यटकप्रति सम्मान व्यक्त गर्न पर्यटन व्यवसायीको आग्रह

लुम्बिनी र पोखराका पर्यटन व्यवसायीले सामाजिक सञ्जालमा भारतीय पर्यटक लक्षित 'अपमानजनक' व्यवहार रोक्नुपर्ने बताएका छन् । 'अफसिजन'मा पनि भारतीय पाहुनाका कारण गन्तव्यहरू गुल्जार बनेको बताउँदै व्यवसायीले सम्मानजनक व्यवहार गर्न अनुरोध गरेका हुन् । सामाजिक सञ्जालमा व्यक्त गरिने नकारात्मक टीका-टिप्पणी र अपमानजनक अभिव्यक्तिले गन्तव्यबारे गलत प्रचार हुने पर्यटन व्यवसायीको भनाइ छ । बाँकी... स्रोत : **https://ekantipur.com/lumbini-pradesh/2026/06/23/tourism-professionals-urge-to-show-respect-to-indian-tourists-32-04.html**

## फिटनेस अभिनेत्री शिल्पा शेट्टीले सिकाइन् योग

भारत हरियाणाको गुरुग्राम क्षेत्रमा अन्तर्राष्ट्रिय योग दिवस मनाइएको छ। अभिनेत्री तथा फिटनेस उत्साही शिल्पा शेट्टीले शनिबार गुरुग्राममा अन्तर्राष्ट्रिय योग दिवस मनाउने कार्यक्रममा देखिएकी थिइन् । स्वास्थ्य, कल्याण र समग्र जीवनलाई प्रवर्द्धन गर्ने राष्ट्रव्यापी उत्सवको एक भागको रूपमा शेट्टीले योग अभ्यासकर्ताहरू, फिटनेस उत्साहीहरू र सहभागीहरूसँग विभिन्न योग आसनहरू प्रदर्शन गरेका थिए । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/06/1959344/fitness-actress-shilpa-shetty-teaches-yoga-photo**

## सत्ताबाट बाहिरिनासाथ पार्टीमा फुटको लहर

भारतमा अहिले एकपछि अर्को पार्टी फुटिरहेका छन्। र, फुटेका अधिकांश दल प्रायः भाजपामा विलय हुने तयारीमा छन् वा भइसकेका छन्। सुरुमा ममता बनर्जी नेतृत्वको तृणमूल कंग्रेस (टिएमसी) फुट्यो। टिएमसीको आन्तरिक कलहको विषय सेलाउन नपाउँदै महाराष्ट्रमा उद्धव ठाकरे नेतृत्वको शिव सेना फेरि विभाजित भयो। यी त हालैका घटना भए। केही अघि आम आदमी पार्टीका सात सदस्य भाजपामा प्रवेश गरे। ओडिसा राज्यमा कुनै समय प्रभावशाली रहेको बिजु जनता दलका तीन सदस्य भाजपा/एनडिए गएको धेरै भएको छैन। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/198264/2026-06-23**

## भारतमा बढ्दै चिनियाँ इभी प्रविधिको प्रभाव

चिनियाँ कार निर्माता कम्पनीहरूका लागि भारतको ढोका बन्द भएको हुन सक्छ । तर, यसका बाबजुद चिनियाँ विद्युतीय सवारी (इभी) प्रविधिले विश्वको तेस्रो ठूलो अटोमोटिभ बजारमा आफ्नो पकड जमाउन थालेको छ । नयाँ दिल्लीले सन् २०२० देखि चिनियाँ कम्पनीहरूलाई आफ्नो बजारमा धेरै हदसम्म प्रवेश रोक लगाएको छ । अर्कोतर्फ, अहिले बेइजिङले पनि आफ्नो प्राविधिक ज्ञानको निर्यातमा कडाइ गरिरहेको छ। यति हुँदाहुँदै पनि यी दुई देशका कार उत्पादन उद्योगहरूबीचको सम्बन्ध भने अझै बढ्दै गइरहेको देखिन्छ । बाँकी... स्रोत : **https://ekantipur.com/world/2026/06/25/the-growing-influence-of-chinese-ev-technology-in-india-50-19.html**

## संवैधानिक समाजवादबाट पछि हट्यो रास्वपा, मूल सिद्धान्त- सामाजिक लोकतन्त्र

स्थापनाकालदेखि नै विचारविहीन र 'पपुलिस्टको आरोप खेप्दै आएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सामाजिक लोकतन्त्रलाई आफ्नो वैचारिक गन्तव्य बनाउने बताएको छ । चितवनमा जारी प्रथम महाधिवेशनमा सभापति रवि लामिछानेले पेस गरेको राजनीतिक प्रतिवेदनमार्फत रास्वपाले 'सामाजिक लोकतन्त्र' लाई आफ्नो मूल राजनीतिक सिद्धान्त बनाउने बताएको हो । पार्टी स्थापना गर्दा रास्वपाले 'संवैधानिक समाजवाद' लाई आफ्नो सिद्धान्त मानेको थियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1961269/rashtriya-swayamsevak-sangh-rss-has-retreated-from-constitutional-socialism-and-its-basic-principle-is-ideological-social-democracy**

## लोकतान्त्रिक योद्धाको स्मरण

लोकतान्त्रिक आन्दोलनका अथक योद्धा लाल हमाल हामीबिच रहनुभएन। गएको जेठ ३१ गते कौशलटारमा उहाँको निधन भयो । भक्तपुरस्थित छोराको घरमा बस्दै आउनुभएका हमाल ९१ वर्षको हुनुहुन्थ्यो । विसं २०७८ भन्दा अघिदेखि उहाँ निमोनियाबाट ग्रसित हुनुहुन्थ्यो । तत्कालीन कर्णाली अञ्चलका लोकतान्त्रिक योद्धा हमालको जीवन सङ्घर्षले भरिएको थियो । गणतान्त्रिक शासन व्यवस्थामा त कर्णालीवासीलाई हेर्ने राज्यको दृष्टिकोण फरक छ भने पञ्चायतकालमा कस्तो थियो होला ? बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/211713**

## सुसंस्कृत राजनीतिको अभ्यास

नेपाली राजनीतिको इतिहासमा केही दृश्य यस्ता हुन्छन जसले तत्कालीन घटनाभन्दा पर गएर लोकतान्त्रिक संस्कृतिको स्तर र राजनीतिक परिपक्वता मापन गर्ने अवसर प्रदान गर्छन् । कुनै समय राजनीतिक प्रतिस्पर्धीहरूबिच सार्वजनिक सौहार्दता र सम्मानको प्रदर्शन दुर्लभ; यहाँसम्म कि लगभग असम्भव जस्तै मानिन्थ्यो । असार ७ गते राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) स्थापनाको चौथो वर्ष र ऐतिहासिक प्रथम महाधिवेशन सुरु भयो । चितवनको गेस्टहाउस चौरको मञ्चमा देखिएको सभापति रवि लामिछाने र नेपाली कांग्रेसका सभापति गगन थापाबिचको आत्मीयता तथा सभ्य राजनीतिक व्यवहारले नेपाली राजनीतिमा असल संस्कार पूर्णतः समाप्त भइसकेको छैन भन्ने आशा पुनर्जीवित गरेको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/211276**

## रवि लामिछानेको राजनीतिक प्रतिवेदन- रास्वपाको मूल सिद्धान्त 'सामाजिक लोकतन्त्र'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले पार्टीको मार्गदर्शक सिद्धान्तको रूपमा 'सामाजिक लोकतन्त्र' लाई अघि सारेका छन् । चितवनमा जारी पार्टीको ऐतिहासिक पहिलो महाधिवेशनमा राजनीतिक प्रतिवेदन तथा प्रस्ताव पेस गर्दै उनले रास्वपाको वैचारिक स्पष्टताका साथ आगामी कार्यदिशा सार्वजनिक गरेका हुन् । यसअघि 'संवैधानिक समाजवाद' लाई आत्मसात् गर्दै आएको रास्वपाले अब आफूलाई 'सामाजिक लोकतन्त्र' को धरातलमा उभ्याउने प्रस्ताव गरेको छ । बाँकी...

स्रोत : **https://www.nepalpress.com/2026/06/23/737609/ravi-lamichhanes-political-report-the-main-principle-of-the-rashtriya-swayamsevak-sangh-rss-is-social-democracy/**

## अब रास्वपाको राजनीतिक सिद्धान्त 'सामाजिक लोकतन्त्र'

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)को राजनीतिक सिद्धान्त फेरिएको छ । सभापति रवि लामिछानेले बन्दसत्रमा प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा संवैधानिक समाजवादबाट सामाजिक लोकतन्त्र अबको राजनीतिक सिद्धान्त हुने बताए ।

अब म प्रस्तावित नीति-विचारबारे संक्षेपमा चर्चा गर्छु-

स्थापनाको घोषणा गर्दा हामीले संवैधानिक समाजवादलाई पार्टीको सिद्धान्त बनाउने निधो गरेका थियौं । र, घोषणापत्रमा भनिएको थियो- 'विधिको शासनमार्फत नेपालको संविधानले परिकल्पना गरे अनुसारको समा स्थापना गर्नु नै संवैधानिक समाजवाद हो । ' बाँकी...

स्रोत : **https://www.reportersnepal.com/2026/06/1221434/**

स्रोत : **https://gorkhapatraonline.com/index.php/news/211395**

## रास्वपाको मूल राजनीतिक सिद्धान्त 'सामाजिक लोकतन्त्र', के-के हुन् ५ मूल आधारस्तम्भ ?

रास्वपा सभापति रवि लामिछानेले पार्टीको मूल राजनीतिक सिद्धान्त 'सामाजिक लोकतन्त्र' हुने बताएका छन् । मंगलबार भरतपुरमा जारी प्रथम महाधिवेशनको बन्दसत्रमा पेस गरेको राजनीतिक प्रतिवेदनमा सभापति लामिछानेले संविधानलाई नै 'वाद' वा सिद्धान्तका रूपमा अंगीकार गर्न उपयुक्त नहुने निष्कर्षमा पुगेको बताएका हुन् । बाँकी... स्रोत : **https://ekantipur.com/politics/2026/06/23/what-are-the-5-main-pillars-of-the-rashtriya-swayamsevak-sanghs-basic-political-principle-social-democracy-42-30.html**

## रास्वपाको सिद्धान्त- सामाजिक लोकतन्त्र : रवि लामिछाने

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले रास्वपाको विचार र सिद्धान्त सामाजिक लोकतन्त्र भएको स्पष्ट पारेका छन् । रास्वपा महाधिवेशन अन्तर्गत आज भएको बन्दसत्रमा सभापति लामिछानेले राजनीतिक प्रतिवेदन पेश गर्दै रास्वपाको सिद्धान्त सामाजिक लोकतन्त्र भएको बताएका हुन् । उनले प्रतिवेदनमा भनेका छन 'हामी परम्परागत बापन्थी वा दक्षिणपन्थी होइनौं र जानिबुझी त्यो राजनीतिक ध्रुवीकरणमा पनि सीमित छैनौं । बाँकी...

स्रोत : **https://www.sidhakura.com/detail/25503**

## 'लोकतान्त्रिक विधिबाट नेतृत्व चयन हुन्छ, समायोजनबाट आउनेलाई कुनै मर्का पर्दैन'

समायोजनबाट आएका साथीहरूमा 'म अल्पमतमा परेर पछाडि पर्छु कि भन्ने भावना कति पनि नआओस् भन्नका लागि हामीले आन्तरिक रूपमा निकै मेहनत र गृहकार्य गरेका छौँ । बन्द सत्रको तयारी कहाँ पुग्यो ? अब के-के हुँदै छ ? अहिले हामी प्रतिनिधिहरूलाई कार्ड वितरण गर्ने प्रक्रियामा छौं । यसका लागि पार्टी र निर्वाचन समितिका साथीहरू लागिरहनु भएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1960005/leadership-is-selected-through-democratic-methods-those-who-come-through-adjustment-will-not-suffer-any-harm**

## प्राकृतिक स्रोतको रोयल्टी दायरा बढाउन सुझाव, यी हुन् सम्भावित क्षेत्र

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी दायरा विस्तार गर्न सरकारलाई सुझाव दिएको छ । आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सम्बन्धित प्रदेश र स्थानीय सरकारबीच रोयल्टी बाँडफाँट सम्बन्धमा सरकारलाई दिएको सिफारिसमा आयोगले यस्तो सुझाव दिएको हो । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को अनुसूची ४ मा पर्वतारोहण, वन, विद्युत्, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतबाट रोयल्टी संकलन गरी तीन तहका सरकारबीच बाँडफाँट गर्ने उल्लेख छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1959528/suggestions-to-increase-the-royalty-scope-of-natural-resources-these-are-the-potential-areas**

## रास्वपा महाधिवेशनमा भद्रगोल : नेता-कार्यकर्ताको असन्तुष्टि छताछुल्ल

पुराना दलहरूभन्दा 'फरक' भएको दाबी गर्दै आएको सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भित्रको असन्तुष्टि पहिलो महाधिवेशनमै छताछुल्ल भएको छ । भरतपुरस्थित चितवन उद्योग संघको अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रको हलभित्र लोकतन्त्रिक अभ्यास चलिरहेको दाबी गरिए पनि बाहिर उम्मेदवारसँगै प्रतिनिधिहरूमा असन्तुष्टि चुलिएको हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1962557/rsp-general-convention-in-chaos-dissatisfaction-among-leaders-and-activists-is-rampant**

## सरकारले अघि बढायो घरमै बसेर कैद भुक्तानी गर्न सकिनेसम्बन्धी कानुन निर्माण प्रक्रिया

सरकारले 'फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४' मा परिमार्जन गर्न बनेको विधेयकको मस्यौदा सार्वजनिक गर्दै सर्वसाधारणसँग राय सुझाव मागेको छ। कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले विधेयकको मस्यौदा सार्वजनिक गर्दै सर्वसाधारणको राय माग गरेको हो। बाँकी...

स्रोत : **[https://www.ratopati.com/story/572913/the-government-has-moved-forward-with-the-process-of-drafting-a-law-allowing-people-to-serve-their-sentences-at-home-including-a-draft](https://www.ratopati.com/story/572913/the-government-has-moved-forward-with-the-process-of-drafting-a-law-allowing-people-to-serve-their-sentences-at-home-including-a-draft)**

## सशस्त्र प्रहरीमा आर्थिक सुशासन र सीमा सुरक्षा प्राथमिकता : महानिरीक्षक पौडेल

सशस्त्र प्रहरी बल, नेपालका महानिरीक्षक नारायणदत्त पौडेलले संगठनको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन सीमा सुरक्षा, विपद् व्यवस्थापन र आर्थिक सुशासनलाई आफ्नो मुख्य प्राथमिकतामा राखेको बताएका छन्। बिहीबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले संगठनको छवि सुधार्न र जनअपेक्षाअनुसार नतिजा दिन आफू क्रियाशील रहने प्रतिबद्धता व्यक्त गरे। सीमा सुरक्षाको सन्दर्भमा महानिरीक्षक पौडेलले जनशक्ति र प्रविधिको चुनौतीका बाबजुद थप प्रभावकारी परिचालन गर्ने बताएका हुन्। बाँकी...

स्रोत : **[https://www.onlinekhabar.com/2026/06/1962643/financial-governance-and-border-security-a-priority-in-armed-police-force-inspector-general-poudel](https://www.onlinekhabar.com/2026/06/1962643/financial-governance-and-border-security-a-priority-in-armed-police-force-inspector-general-poudel)**

## ६ भदौ नै हो तामाङ लेख्न-लेखाउन दिइएको दिन ?

इस्तिहारका आधारमा तामाङ समुदायले पनि 'तामाङ पहिचान दिवस' मनाउन प्रचलनमा ल्याएको स्वाभाविक देखिए तापनि, यी विभिन्न पुस्तकहरूमा छापिएर आएको इस्तिहारको छायाकपीमा रहेको 'महिना र गते' शंकास्पद देखिन्छ। 'तामाङ' जातिवाचक शब्द हो। यो शब्द कहिलेबाट, कसलाई र किन प्रयोग गरियो भन्ने कुरा ठ्याक्कै यकिनका साथ भन्न सक्ने अवस्था भने छैन। बाँकी...

स्रोत : **[https://www.onlinekhabar.com/2026/06/1961958/is-bhadra-6-the-day-given-to-tamang-to-write](https://www.onlinekhabar.com/2026/06/1961958/is-bhadra-6-the-day-given-to-tamang-to-write)**

## भोटिङ मेसिनमा तोकिएको स्थानप्रति उम्मेदवारको असन्तुष्टि

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)को पहिलो महाधिवेशन अन्तर्गत केन्द्रीय सदस्यका लागि अहिले मतदान जारी छ। लामो रस्साकस्सीपछि मध्यरातको १२ बजेपछि मात्रै मतदान सुरु भएको हो। रास्वपाले विद्युतीय भोटिङ मेसिन(ईभीएम)को प्रयोग गरेर मतदान प्रक्रिया सञ्चालन गरेको छ। यस्तोमा ईभीएममा उम्मेदवारको नाम स्थान तोकिएको प्रक्रियाबारे भने उम्मेदवारले असन्तुष्टि जनाएका छन्। त्यस्तो असन्तुष्टि जनाउनेमा निवर्तमान केन्द्रीय सदस्य एवं सांसद गणेश कार्की पनि एक छन्। उनले फेसबुमार्फत नै आफ्ना प्रश्न राखेका छन्। बाँकी...

स्रोत : **[https://www.onlinekhabar.com/2026/06/1962213/candidates-dissatisfaction-with-assigned-location-on-voting-machine](https://www.onlinekhabar.com/2026/06/1962213/candidates-dissatisfaction-with-assigned-location-on-voting-machine)**

## राणासत्ताको जग हल्लाउने त्यो पर्चा

आजका सामाजिक सञ्जाल र डिजिटल अभियानको युगमा पर्चाको प्रभाव कल्पना गर्न कठिन हुन सक्छ । तर, राणाशासनको कठोर नियन्त्रणबीच प्रजा-परिषद्ले वितरण गरेको पर्चाले जनचेतना जगाउँदै नेपालमा प्रजातान्त्रिक आन्दोलनको बीजारोपण गरेको थियो । असार ९, आज पर्चा दिवस । 'पर्चाको पनि दिवस हुन्छ र' भन्ने धेरैलाई लाग्न सक्छ । अहिलेका नवयुवालाई त पर्चा एउटा कथा मात्र हुन सक्छ । तर, कुनै बेला पर्चाको प्रभावकारिता अहिलेको सामाजिक सञ्जालभन्दा कम थिएन । बाँकी...

स्रोत : **https://www.himalkhabar.com/144893/the-history-of-nepals-democratic-movement-is-inseparable-from-the-story-of-a-leaflet-distributed-in-secrecy**

## पार्टी महाधिवेशनमा 'नो भोटको धज्जी' : रास्वपा सांसद खत्री

रास्वपाका प्रतिनिधि सभा सदस्य राजीव खत्रीले पार्टी महाधिवेशनमा 'नो भोटको धज्जी' उडाइएको टिप्पणी गरेका छन् । आफ्नै प्रतिद्वन्द्वीलाई पनि अनिवार्य भोट हाल्नुपर्ने स्थिति रहेको भन्दै उनले मतदान व्यवस्थापनको आलोचना गरेका हुन् । २१ फागुनको निर्वाचनमा भक्तपुर २ बाट प्रतिनिधि सभा सांसद चुनिएका खत्रीले फेसबुकमा लेखेका छन्, 'संसारमा यस्तो मतदान हुँदैन होला, जहाँ आफ्नै प्रतिद्वन्द्वीलाई अनिवार्य भोट दिनुपर्छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1962433/no-vote-at-party-convention-rsp-mp-khatri**

## रास्वपा विधान : बालेन वरिष्ठ नेता निश्चित, सभापतिले चाहे वरिष्ठको संख्या बढाउन सक्ने

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम राष्ट्रिय महाधिवेशनले संशोधित विधान पारित गरेसँगै प्रधानमन्त्री वालेन्द्र शाह 'बालेन' वरिष्ठ नेता हुने निश्चित भएको छ । रास्वपाले 'वरिष्ठ नेता' पद सिर्जना गरेर विधान संशोधन गरेसँगै प्रधानमन्त्री बालेन वैधानिक रूपमै पार्टीको वरिष्ठ नेता बन्ने सुनिश्चित भएको हो । प्रधानमन्त्री बालेनले काठमाडौं महानगरपालिकाको मेयर हुँदा १३ पुस २०८२ मा रास्वपा सभापति रवि लामिछानेसँग 'बृहत् एकता' गरेका थिए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1961794/rsvp-statute-no-senior-leader-is-fixed-the-president-can-increase-the-number-of-senior-leaders-if-he-wishes**

## मैले चिनेका मोहनविक्रम सिंह र 'जलजला' उपन्यासमा भेटिएका कमरेड अजित

लेखकले नारीलाई साहस र वीरताको प्रतिमूर्ति बनाउन खोज्दाखोज्दै, जलजलाको 'रणचण्डी' अवतारको कुरा गर्दागर्दै पनि महिलालाई पुरुषको सहयोगीकै तहमा राखेका छन् । १. हामीले नेकपा (माले) को राजनीति थालेर केही अधकल्चो रूपमा कम्युनिस्ट आन्दोलनबारे बुझ्दै गर्दा, 'नेकपा माले' उकालो लागिरहेको र 'नेकपा मशाल' शक्ति जोगाउन सङ्घर्ष गरिरहेको अवस्था थियो । यी दुई शक्तिशाली कम्युनिस्ट घटक थिए । उनीहरू बीच थुसिडाइड्स ट्र्यापमा परेका साम्राज्यको जस्तो शीतयुद्ध जारी थियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1959850/the-mohan-bikram-singh-i-knew-and-the-comrade-ajit-i-met-in-the-novel-jaljala**

## साउदी एसभिपीविरुद्ध एसोसिएन कठोर

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको नवनिर्वाचित कार्यसमितिले पद बहाली गरी कार्य प्रारम्भ गरेको छ । सोमबार बिहान धार्मिक विधिअनुसार पूजापाठ गरी नयाँ बानेश्वरस्थित एसोसिएसनको कार्यालयमा पद बहाली गरेको हो । त्यसक्रममा निवर्तमान अध्यक्ष दीपक थापाले नवनिर्वाचित अध्यक्ष रामप्रसाद गैरेलाई संस्थाको माइन्युट हस्तान्तरण गरे । पद बहाली गर्दै नवनिर्वाचित अध्यक्ष गैरेले लोकतान्त्रिक एसोसिएसनभित्र गलत प्रवृत्तिका मान्छे हाबी हुन नदिने प्रतिबद्धता जनाए । बाँकी... स्रोत : **https://madhyanhadaily.com/post/42075**

## बालेनका विश्वासपात्रहरूलाई मनोनयनको भर, डेढ दर्जन नेता चुनावी मैदानबाहिर

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम महाधिवेशनअन्तर्गत केन्द्रीय समिति चयनका लागि चितवनमा चुनावी सरगर्मी उत्कर्षमा छ। ९९ जना केन्द्रीय सदस्यका लागि ३५५ जना उम्मेदवारहरू प्रतिनिधिहरूसँग मत माग्न व्यस्त रहँदा पार्टीभित्रको एउटा ठूलो समूह भने चुनावी प्रतिस्पर्धाबाट बाहिरै बसेको छ । प्रधानमन्त्री बालेन शाहको नेतृत्वमा रास्वपामा जोडिएका करिब डेढ दर्जन नेताहरूले केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका छैनन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1961718/balens-confidants-are-the-focus-of-nominations-one-and-a-half-dozen-leaders-are-out-of-the-election-fray**

## अब प्रहरीको तलब पनि १५ दिनमा

नेपाल प्रहरीले पनि अब १५/१५ दिनमा तलब पाउने भएका छन् । प्रहरी प्रधान कार्यालयले सोमबार बजेट सञ्चालन गर्ने सबै प्रहरी कार्यालयलाई पत्राचार गर्दै अर्ध मासिक रूपमा १५ दिनमा तलब दिन भनेको छ । प्रशासन विभागका डीआईजी हिमालयकुमार श्रेष्ठद्वारा हस्ताक्षरित परिपत्रमा भनिएको छ, 'अर्थमन्त्रीस्तरको ४ वैशाखको निर्णय र महालेखा नियन्त्रक कार्यालयको २१ वैशाखको पत्रअनुसार आगामी आर्थिक वर्षदेखि राष्ट्रसेवक कर्मचारीलाई हरेक महिनाको १५ दिन व्यतित पश्चात अर्धमासिक रूपमा तलब भत्ता भुक्तानी गर्न प्रणालीमा आवश्यक व्यवस्था मिलाइएको व्यहोरा पत्र प्राप्त हुन आएको हुँदा सोही बमोजिम कार्यान्वय गर्न अनुरोध गरिएको छ ।' बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1961670/now-police-salaries-are-also-paid-in-15-**

## चक्रपथ दोस्रो खण्डको प्रारम्भिक डिपिआरमा नेपालले दियो सहमति

चीनले तयार गरेको चक्रपथ दोस्रो खण्डको स्तरोन्नतिसम्बन्धी प्रारम्भिक विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)मा नेपालले सहमति प्रदान गरेको छ। चीनले डिपिआरमा आवश्यक छलफल गर्न सडक विभाग तथा परियोजनाका कर्मचारीहरू चीन पुगेर सोमबार फर्किएका छन्। त्यस क्रममा विभागका टोलीले प्रारम्भिक डिपिआरमा सहमति प्रदान गरेका हुन्। चीनको सिसिसिसी फर्स्ट हाइवे कन्सल्ट्यान्ट्स कम्पनी लिमिटेडले यसको डिपिआर बनाएको थियो। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/198305/2026-06-24**

## आफूले चाहेर पनि आफ्नो नेता चुन्न गाह्रो पर्‍यो : आशिका तामाङ

रास्वपा सांसद आशिका तामाङले आफूले चाहेर पनि आफ्नो नेता चुन्न गाह्रो परेको बताएकी छन् । महाधिवेशनको मतदानस्थलमा अनलाइनखबरसँग कुरा गर्दै उनले सो कुरा बताएकी हुन् । इलेक्ट्रोनिक भोटिङ मेसिनमार्फत् मतदान गरेपछि उनले नचिनेका/नजानेकालाई पनि मतदान गर्नैपर्ने अवस्था रहेको बताइन् । मेसिनमा भोट संकेत नगरी अर्को स्टेपमा जानै नपाइने सिस्टम रहेको बताउँदै उनले भनिन्, 'आफूले चाहेर पनि आफ्नो नेतालाई चुन्नलाई चाहिँ अलिकता गाह्रो भयो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1962351/it-was-difficult-to-choose-your-own-leader-even-if-you-wanted-to-ashika-tamang**

## 'रास्वपा र बालेनको मूल ध्येय एउटै हो- संघीयता कमजोर बनाउने र शक्ति केन्द्रीकृत गर्ने'

यो संघीयता र गणतन्त्रको सवालमा रास्वपाले चालेको 'छलबाटो' हो । मुलुकमा गणतन्त्र, संघीयता, नागरिक संसद्को भविष्य के हुने र कतै यो सरकार अदृश्य प्रभावमा कठपुतली बन्ने त होइन भन्ने अनेकौं आशंका व्याप्त छन् । राष्ट्रिय स्वतन्त्र पार्टीले महाधिवेशनबाट प्रदेश सभा खारेज गर्ने प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणाली अपनाउने लगायतका दस्तावेज पारित गरेको छ यसलाई कसरी बुझ्ने ? यो संघीयता र गणतन्त्रको सवालमा रास्वपाले चालेको 'छलबाटो' हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1962044/the-main-goal-of-the-rsvp-and-balen-is-the-same-to-weaken-federalism-and-centralize-power**

## प्रविधि आधिपत्यको युगमा विज्ञान कूटनीति

सूचना प्रविधि आधिपत्य र विज्ञान कूटनीति आजको विश्व व्यवस्थामा अब विकल्पका विषय रहेनन् । यी हामीले सतर्कतापूर्वक आत्मसात् गर्नुपर्ने, प्रतिस्पर्धा गर्नुपर्ने र सफलता हासिल गर्नुपर्ने अनिवार्य क्षेत्रका रूपमा स्थापित भइसकेका छन् । हामी 'प्याक्स टेक्निका' अर्थात् प्रविधि आधिपत्यको युगको प्रवेशको संघारमा छौं । धेरैले भन्छन हामी प्रवेश गरिसकेका छौं । 'प्याक्स' शब्दले सामान्यतः कुनै शक्तिशाली राष्ट्रको नेतृत्वमा स्थापित अन्तर्राष्ट्रिय व्यवस्था तथा त्यसबाट सिर्जित तुलनात्मक शान्ति वा स्थिरतालाई जनाउँछ । बाँकी... स्रोत : **https://ekantipur.com/opinion/2026/06/21/science-diplomacy-in-the-age-of-technological-domination-28-55.html**

## मनसुनजन्य विपद् सामना गर्न एपीएफको विशेष तयारी, २१ हजारभन्दा बढी जनशक्ति परिचालनमा

मनसुनजन्य विपद् तथा प्राकृतिक प्रकोपको प्रभावकारी सामना गर्न सशस्त्र प्रहरी बल (एपीएफ) नेपालले देशभर विशेष तयारी गरेको जनाएको छ। एपीएफका प्रवक्ता तथा सूचना अधिकारी डीआईजी नेत्रबहादुर कार्कीले मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना-२०८३ अनुसार जनशक्ति, उद्धार सामग्री, सवारी साधन तथा विशेष उपकरण तयारी अवस्थामा राखिएको जानकारी दिएका हुन्। कार्कीका अनुसार हालसम्म २१ हजार ६ सय ११ जना सशस्त्र प्रहरी कर्मचारीलाई विपद् व्यवस्थापनसम्बन्धी तालिम प्रदान गरिएको छ भने ६ हजार ८ सय ५० जनालाई २४ सै घण्टा तयारी अवस्थामा राखिएको छ। बाँकी...
स्रोत : **https://newsofnepal.com/2026/06/25/774735/**

## उत्पादनमुखी अर्थतन्त्र

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले मुलुकको आर्थिक रूपान्तरणका लागि उत्पादन वृद्धि, निजी क्षेत्रको प्रवर्धन, लगानीमैत्री वातावरण, सामाजिक न्याय र सुशासनलाई केन्द्रमा राखेर आफ्नो आर्थिक दृष्टिकोण सार्वजनिक गरेको छ । चितवनको भरतपुरमा जारी पार्टीको प्रथम राष्ट्रिय महाधिवेशनको बन्दसत्रमा उपसभापति डा. स्वर्णिम वाग्लेले प्रस्तुत गर्नुभएको आर्थिक दृष्टिकोणमा यस्तो उल्लेख गरिएको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/211545**

## गगन थापाले रास्वपालाई सम्झाए नीलो झण्डामुनिको रातो दाग

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम महाधिवेशनको उद्घाटनसत्रलाई सम्बोधन गर्न चितवन पुगेका नेपाली कांग्रेसका सभापति गगन थापाले २०१८ सालको एउटा ऐतिहासिक घटनाको स्मरण गरे । 'तपाईंहरू जुन ठाउँमा उभिनु भएको छ, त्यहाँ कम्तिमा ५० जनाको शव गाडिएका छन् । उनीहरूलाई २०१८ सालमा पञ्चायत सरकारले काटेर गाडेको थियो । उनीहरूले चार तारे झण्डा उठाउँदै जय नेपाल भनेका थिए तर आफ्ना लागि होइन लोकतन्त्र, तपाईं र हाम्रा लागि' थापाले भने, 'त्यहि कारणले तपाईंले निलो झण्डा फहराउन पाउनु भएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1959648/gagan-thapa-reminds-the-rashtriya-swayamsevak-sangh-rss-of-the-red-stain-under-the-blue-flag**

## साहित्यकार डा. त्रिपाठीका कविता र गीतमाथि विमर्श

"आमाले बिसाएको भारी
हलुकै उठाउन खोजेथें,
आधा दिन काटेपछि बल्ल थाहा लाग्यो,
जिन्दगी कति गह्रौं रहेछ...।"

यी हरफ साहित्यकार डा. गीता त्रिपाठीका हुन् । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/211264**

## कृषि अनुदानमा बाँडिएको २ खर्बको हिसाब खोज्दै सरकार, कसरी हुँदैछ काम ?

पछिल्लो एक दशकमा राज्यको ढुकुटीबाट कृषि विकास र विस्तार गर्न भन्दै अनुदानका नाममा करिब २ खर्ब रुपैयाँ बाँडिसकिएको छ । तर, त्यस्तै अनुदानले कृषि उत्पादनमा क्रान्ति आयो न वास्तविक किसानको जीवनस्तर उकासियो । राज्यको ठूलो लगानी 'बालुवामा पानी' जस्तै भएको र अनुदान रकम पहुँचवाला र 'झोले किसान' को खल्तीमा पुगेको आरोप वर्षौंदेखि लाग्दै आएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1960293/the-government-is-trying-to-figure-out-the-2-trillion-rupees-distributed-in-agricultural-subsidies-how-is-the-work-going**

## किसानदेखि स्टार्टअपसम्मलाई अर्थमन्त्रीको धोका : बजेट भाषणका सहुलियत विधेयकमा छैनन्

संसद्मा आर्थिक विधेयक प्रस्तुत गरेपछि कम्तीमा ७ शीर्षकमा करका दर हेरफेर गरेको भनेर आलोचना खेपिरहेका अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बजेट भाषणमा दिएका महत्त्वपूर्ण प्रतिबद्धता विधेयकमा राख्दै नराखेको पुष्टि भएको छ । खासगरी किसान, स्टार्टअप उद्यमी, गैरआवासीय नेपाली (एनआरएन) लाई लगानी र उद्यममा सहुलियत दिन बजेटमा गरिएका घोषणा आर्थिक विधेयकमा राख्दै राखिएको छैन । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/06/1959555/the-budget-speech-announcements-that-provide-concessions-to-farmers-startups-and-even-non-resident-nepalis-are-not-in-the-bill**

## राप्रपाका पूर्वअध्यक्षत्रयको संयुक्त वक्तव्य, 'हाम्रै जीवनकालमा पार्टी पतन भएको हेर्न चाहँदैनौं'

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का तीन जना पूर्वअध्यक्षले पार्टीभित्रको बेथिति र पूर्वाग्रहपूर्ण कारबाहीको विरोधस्वरूप आफूहरूले हालै सम्पन्न केन्द्रीय कार्यसमितिको बैठक बहिष्कार गरेको प्रस्ट्याएका छन् । पूर्वअध्यक्षहरू पशुपति शमशेर राणा, डा. प्रकाशचन्द्र लोहनी र कमल थापाले बिहीबार (असार ७ गते) संयुक्त वक्तव्य जारी गर्दै असार ५ र ६ गते काठमाडौंमा बसेको बैठकमा अनुपस्थित हुनुको कारण खुलाएका हुन् । तर, सधैं ज्येष्ठताका आधारमा बढुवा नियुक्ति सिफारिस गरिने प्रधान न्यायाधीशमा समेत रोलक्रम मिचिएकाले मुख्यसचिवमा पनि त्यस्तै हुने त होइन भन्ने आशङ्कामा सचिवहरू छन् । बाँकी... स्रोत : **https://www.ratopati.com/story/572096/joint-statement-by-former-rpp-chairmen-we-do-not-want-to-see-the-party-collapse-in-our-lifetime**

## बजेटमा 'एक हजार' का योजनाको बाढी, कार्यविधि र सुशासनको धज्जी !

कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्ष (२०८३/०८४) को बजेटमा आफ्नै कानुन र सुशासनको धज्जी उडाउँदै १ हजार रुपैयाँका झन्डै एक हजार योजना रातो किताबमा समावेश गरेको छ । सरकार आफैँले निर्माण गरी स्वीकृत गरेको 'कोशी प्रदेश आयोजनाको वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८२' को विपरीत हुने गरी यी योजना छनोट गरेको पाइएको हो । बाँकी... स्रोत : **https://www.ratopati.com/story/572087/flood-of-one-thousand-schemes-in-the-budget-disregard-for-procedures-and-good-governance**

## मदनकृष्ण श्रेष्ठको जीवनमाथि फिल्म 'मदनकृष्ण' बन्ने, शीर्ष भूमिकामा महेश-केकी

वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठको जीवनमाथि कथानक फिल्म 'मदनकृष्ण' निर्माण हुने भएको छ । रोचक के छ भने, यो फिल्मलाई यसअघि बायोपिक जनराका फिल्म निर्देशनमा ह्याट्रिक गरिसकेका मिलन चाम्सले निर्देशन गर्नेछन् । चाम्सको यो चौंथो निर्देशकीय बायोपिक हुनेछ । उनले यसअघि दृष्टिविहिन सृष्टि केसीमाथि 'ब्लाइन्ड रक्स', नर्वेका प्रवासी नेपालीहरू उमेश थापा र कविता गुरुङको 'बबी' र फुटबल खेलाडी एन्जिला तुम्बापो सुब्बाको बायोपिक 'अञ्जिला' निर्देशन गरिसकेका छन् । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/06/1960202/madan-krishna-to-be-made-on-madan-krishna-shresthas-life-mahesh-keki-in-lead-roles**

## ६ दिनपछि बोलाइएको राष्ट्रिय सभा बैठक बस्दै नबसी स्थगित

राष्ट्रिय सभा बैठक बस्दै नबसी स्थगित भएको छ। आज दिउँसो १ बजेर १५ मिनेटका लागि बस्ने गरी तय भएको बैठक सूचना टाँसेर स्थगित गरिएको हो। विशेष कारणवश् बैठक बस्न नसक्ने भएको भन्दै राष्ट्रिय सभाका अध्यक्षले शुक्रबार दिउँसो १ बजेर १५ मिनेटमा बस्ने गरी निर्धारण गरेको संघीय संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयले निकालेको सूचनामा उल्लेख छ। यसअघि राष्ट्रिय सभाको बैठक यही असार ५ गते बसेको थियो। ६ दिन पछि बस्ने गरी आजका लागि तय भएको बैठक बस्दै नबसी सूचना टाँसेर स्थगित गरिएको हो। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1962459/national-assembly-meeting-called-after-6-days-postponed-without-a-meeting**

## मेडिकल शिक्षा अध्ययनका लागि विदेशी विद्यार्थीको कोटा बढाउँदै सरकार

सरकारले मेडिकल शिक्षामा अध्ययनका लागि विदेशी विद्यार्थीको कोटा बढाउने तयारी गरेको छ। शिक्षा सचिव चुडामणि पौडेलले उक्त जानकारी गराएका हुन्। मंगलबार संघीय संसद राष्ट्रिय सभा अन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिको बैठकमा बोल्दै उनले मेडिकल शिक्षा अध्ययनका लागि नेपालमा आउन चाहने विदेशी विद्यार्थीको सबभन्दा बढी आकर्षण भएकाले उनीहरूका लागि कोटा थप गर्ने नीतिगत निर्णय लिने तयारीमा सरकार रहेको स्पष्ट पारे। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1960902/government-increasing-quota-for-foreign-students-to-study-medical-education**

## अमेरिकाको न्युजर्सीमा भव्य बन्यो नेपाल डे

अमेरिकाको न्यूजर्सीमा 'नेपाल डे' कार्यक्रम भव्य रुपमा सम्पन्न भएको छ। नेपला डे न्यूजर्सीको आयोजनामा फेरलन सिटीमा शनिबार गरिएको कार्यक्रममा न्यूजर्सी र न्यूयोर्कका नेपाली एवं नेपाली मूलका अमेरिकीहरुको उल्लेख्य सहभागिता थियो। नेपाली महावाणिज्य दुतावास न्यूयोर्क र गैरआवासीय नेपाली संघ अमेरिकासँगको सहकार्यमा गरिएको कार्यक्रममा नेपाली मौलिक एवं परम्परागत नृत्य प्रस्तुत गरिएको थियो। नेपाली महावाणिज्य दुत दधिराम भण्डारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको कार्यक्रममा फेरलन सिटीकी मेयर क्रिटिना कुट्रोन र उपमेयर जोश रेईनिजको विशेष उपस्थिति थियो। बाँकी... स्रोत : **https://www.nayapatrikadaily.com/news-details/197119/2026-06-08**

## बागमती किनारमा स्केटरहरूको जमघट

पांग्राको आवाज, ताली र संगीत। थापाथलीस्थित बागमती नदी किनारको एक स्थानमा फरक दृश्य देखिन्थ्यो। उनीहरु अधुरो स्तम्भ बनाएको एक स्थानमा ओछ्याएको मार्बलमा स्केटबोर्डमा खेलिरहेका थिए। शनिबार उनीहरुले यसैगरी अन्तर्राष्ट्रिय गो स्केटबोर्डिङ दिवस मनाए। बिहान उनीहरुले धुम्बाराहीमा नेपालको झन्डा बोकेर स्केट र्याली निकालेका थिए। सन् २००३ देखि स्केटबोर्डिङको प्रवर्द्धनका लागि यो दिवस मनाउन थालिएको हो। बाँकी...

स्रोत : **https://ekantipur.com/photo_feature/2026/06/23/skaters-gather-on-the-banks-of-the-bagmati-river-photos-46-34.html**

## मन्त्रीलाई सचिवस्तरका सल्लाहकार, स्वकीय सचिवालयमा ९ जना सदस्य

मन्त्रालयको संख्या कटौती गरेको सरकारले राज्यलाई थप व्ययभार थपिने गरी मन्त्रीले सचिवस्तरका सल्लाहकारसहित ९ सदस्यीय स्वकीय सचिवालय नियुक्त गर्न पाउने व्यवस्था गरेको छ । मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार अब प्रत्येक मन्त्रीले ३ देखि ५ जनासम्म विशिष्ट श्रेणी (सचिवसरह) का सल्लाहकार नियुक्त गर्न पाउने छन् भने प्रमुख स्वकीय सचिवसहित ९ जनाको स्वकीय सचिवालय बनाउन पाउनेछन् । २ वैशाखमा मन्त्रिपरिषद्ले गरेको निर्णय कार्यान्वयनका लागि मुख्यसचिव सुमनराज अर्यालले सम्बन्धित मन्त्रालयमा पठाउन थालेका छन् । बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/06/23/government-to-print-national-identity-cards-itself-international-contract-canceled-19-07.html**

## सीमान्तकृत समुदायलाई पहिचान जोगाउनै सास्ती

"कामको सिलसिलामा धेरै समय घर बाहिर भइन्छ, त्यति बेला आफ्नो भाषा बोलिँदैन, हामीले काम गर्दै गर्दा खस भाषा मात्रै बोलियो । अहिले हाम्रो भाषा हराउने अवस्थामा पुगेको छ", आँबुखैरेनी गाउँपालिका-२ घुम्तीका इन्द्रबहादुर भुजेलले गुनासो गरे । आफ्नो भाषा कम बोलिने अवस्थाका कारण नयाँ पुस्ताले पनि भाषा सिक्न नसकेको उनले सुनाए । पहिले त विद्यालयसम्म पुगेर पढ्ने अवस्था थिएन । बाँकी... स्रोत : **https://www.ratopati.com/story/572556/marginalized-communities-struggle-to-preserve-their-identity**

## महानगरहरूको प्राथमिकता पूर्वाधार निर्माण, फोहोर व्यवस्थापन र सेवा सुधार

देशभरका ६ वटै महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सार्वजनिक गरेको बजेटमा पूर्वाधार विकाससँगै सेवा सुधार, शिक्षा, स्वास्थ्य, फोहोर व्यवस्थापन, कृषि तथा पर्यटनलाई प्राथमिकतामा राखेका छन्। अधिकांश महानगरले बजेटको आकार बढाएका छन् भने केहीले सीमित स्रोतका कारण चालु वर्षकै हाराहारीको बजेट राखेका छन्। आगामी वर्षको बजेटमा सडक र भवन निर्माण मात्र नभई जलवायु अनुकूलन, सूचना प्रविधि र स्थानीय आर्थिक विकासका कार्यक्रम थप प्राथमिकतामा परेका छन्। बाँकी... स्रोत : **https://ekantipur.com/business/2026/06/26/priority-for-metropolitan-cities-is-infrastructure-construction-waste-management-and-service-improvement-37-11.html**

## सफ्टवेयर बनाउन छुट्टै कार्यालय खोल्दै प्रधानमन्त्री कार्यालय

देशभरिका सबै सरकारी कार्यालयहरूमा प्रयोग हुने सफ्टवेयर सरकारले नै बनाउने गरी मन्त्रिपरिषद् तथा प्रधानमन्त्री कार्यालयमातहतमा एउटै छुट्टै कार्यालय गठन गर्ने भएको छ । त्यसका लागि तयारी भइरहेको र सम्भवत: आगामी साउनदेखि सञ्चालनमा आउने प्रधानमन्त्री कार्यालयका एक कर्मचारीले बताए । हाल सबै सरकारी कार्यालयले निजी क्षेत्रबाट सफ्टवेयर खरिद गर्ने गर्छन् । यसबाट एक वर्षमा २० अर्बभन्दा बढी रुपैयाँ सरकारको खर्च हुने गरेको छ । सरकारी कार्यालयमा सरकारले आफैं सफ्टवेयर बनाएमा २० अर्ब रुपैयाँबाट दुई अर्बमा झर्ने प्रधानमन्त्री कार्यालयका एक उच्च कर्मचारीले अनुमान गरे । बाँकी... स्रोत : **https://nagariknews.nagariknetwork.com/politics/prime-minister-s-office-opening-a-separate-office-to-develop-software-44-13.html**

## सरकारका तीन महिना : 'पेपरलेस र फेसलेस' सेवा नहुँदा सास्ती

चुनावमा होमिँदा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सयबुँदे वाचापत्रमा सरकारी सेवा प्रवाहलाई 'पेपरलेस र फेसलेस' बनाउने अजेन्डा अटाएको थियो । झट्ट हेर्दा आकर्षक र दीर्घकालीन महत्त्वको त्यो योजना प्रविधि विकासको अधिकतम उपयोग गर्ने परिकल्पना गरेको थियो । यसले सेवाग्राहीलाई अनलाइन प्रणालीमार्फत छिटो, पारदर्शी र सहज सेवा प्रदान गर्ने आशा जनतामा पलायो, तर रास्वपाको नेतृत्वमा शक्तिशाली सरकार बनेको तीन महिनापछि पनि सेवाग्राहीलाई सरकारी कार्यालयमा घन्टौं लाइनमा उभिएर सेवा पर्खने बाध्यता कम भएको छैन । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/politics/three-months-of-government-suffering-due-to-lack-of-paperless-and-faceless-services-br-34-42.html**

## सिस्नु : बारीको पोल्ने घाँसदेखि सुपरफुडसम्म

हाम्रा कान्ला, भीरपाखा र बाँझो जमिनमा सहजै पाइने सिस्नु धेरैका लागि केवल पोल्ने घाँस मात्र हुन सक्छ । तर यही सिस्नु पोषण, स्वास्थ्य र औषधीय गुणले भरिपूर्ण प्राकृतिक सम्पदा हो । एक समय गरिबको साग भनेर चिनिने सिस्नु अहिले तारे होटल, रेस्टुराँ र आधुनिक भान्सासम्म पुगेको छ । सिस्नुमा भिटामिन ए, भिटामिन सी, आइरन, क्याल्सियम, पोटासियम तथा प्रोटिन प्रशस्त मात्रामा पाइन्छ । यसले शरीरको रोग प्रतिरोधात्मक क्षमता बढाउन सहयोग गर्ने भएकाले पछिल्ला वर्षहरूमा यसको लोकप्रियता बढ्दो छ । साग, झोल, सुप, ढिंडो तथा पाउडरका रूपमा सिस्नुको प्रयोग गर्न सकिन्छ । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/06/24/774614/**

## सगरमाथाको अँगालोमा

सर्वोच्च चुचुरो सगरमाथाको अँगालोमा उनिँदा उनको ढुकढुकीले सुटुक्क बताएको भेद भन्न मन लाग्यो, 'सभ्यताको धरोहर सगरमाथा शान्ति र समृद्धिको सौम्य विभूषणले सिङ्गो धर्ती सुहाएको हेर्न आतुर छ ।' अपनत्वको आभास पनि अचम्मको हुन्छ । आफ्नो भनेपछि सबै प्यारो- माटो, ढुङ्गा, पानी, भूगोल अनि भूगोलका मान्छेहरू । यद्यपि, विश्वको सर्वोच्च शिखर सगरमाथा पक्षपातको राजनीति जान्दैन । आत्मीयता र उदारताको खोकिलोमा पूरै विश्वलाई गुथेर एकैसाथ अपनत्व पस्किन खप्पिस छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1964195/in-the-embrace-of-mount-everest**

## आरोही फुञ्जो बनिन् पर्यटन सद्भावना दूत

कीर्तिमानी आरोही फुञ्जो झाङ्मु लामालाई चुमनुब्री गाउँपालिकाले पालिकाको पर्यटन सद्भावना दूत घोषणा गरेको छ । सर्वोच्च शिखर सगरमाथा सबैभन्दा छोटो समयमा आरोहण गरेर गिनिज बुक अफ वर्ल्ड रेकर्ड कायम गरेकी लामालाई हालै सम्पन्न गाउँ सभाले पर्यटन सद्भावना दूत घोषणा गरेको गाउँपालिकाका अध्यक्ष निमा लामाले बताए । सो पालिकाले यो वर्षलाई मनास्लु हिमालको सफल आरोहणको ७०औँ वर्ष पूरा भएको अवसरमा हिरक वर्षका रूपमा मनाइरहेको छ । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/social-affairs/climber-phunjo-becomes-tourism-goodwill-ambassador-br-99-57.html**

## च्छोकुमदेखि च्छोरोल्पासम्म

यात्रा आफैँमा एउटा सुन्दर अनुभूति हो। मेरो विश्वास छ। जति धेरै यात्रा गरिन्छ, शरीर उति नै स्फूर्त, मन उति नै खुला र जीवन उति नै समृद्ध बन्छ। कुनै ठाउँलाई देखेपछि, त्यहाँको हावा सासमा भरेपछि, त्यहाँका गोरेटाहरूमा पाइला टेकेपछि र आफ्नै आँखाले प्रकृतिलाई नियालेपछि मात्र त्यस ठाउँको वास्तविक कथा बुझ्न सकिन्छ। नत्र अरूको अनुभव र वर्णनमै सीमित रहनुपर्छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1964082/from-chhokum-to-chhorolpa**

## पर्यटन विकासका लागि पर्यटन बोर्डको पुनर्संरचना आवश्यक : मन्त्री पौडेल

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्कराज पौडेलले नेपालको पर्यटन क्षेत्रको दिगो विकासका लागि नेपाल पर्यटन बोर्डको पुनर्संरचना आवश्यक रहेको बताउनुभएको छ। नेपालगन्ज विमानस्थलको अनुगमनका लागि शनिबार साँझ नेपालगन्ज पुग्नुभएका मन्त्री पौडेलले बाँकेका होटल तथा पर्यटन व्यवसायीसँग आयोजित अन्तरक्रिया कार्यक्रममा सो धारणा व्यक्त गर्नुभएको हो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/212018**

## मनसुनमा जाग्ने ढोरपाटन : सिकार पर्यटनबाट दिगो पर्यटनतर्फको यात्रामा

मनसुन सुरु भएसँगै देशका अधिकांश पर्यटकीय गन्तव्यको चहलपहल घट्न थाल्छ। वर्षायामलाई पर्यटनको 'अफसिजन' मान्ने धारणा अझै पनि बलियो छ तर बागलुङको ढोरपाटनमा भने यही मौसम पर्यटकीय गतिविधिको अर्को याम प्रारम्भ हुन्छ। हरियालीले ढाकिएका विशाल पाटन, कुहिरोले छोपिएका बुकी, रङ्गीचङ्गी भुइँफूल र गोठसम्म पुग्ने पदमार्गले मनसुनमा पदयात्राको छुट्टै आकर्षण सिर्जना गरेका छन्। अन्य गन्तव्यमा पर्यटकको चहलपहल घटिरहेका बेला ढोरपाटनमा भने प्रकृतिसँग रमाउन आउने पदयात्रीको आगमन बढ्न थालेको छ। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/211942**

## रास्वपाको दस्तावेजले लोकतन्त्रको आधार हल्लाउन खोज्दैछ : नेकपा

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को हालै सम्पन्न महाधिवेशनबाट पारित दस्तावेजहरूले लोकतन्त्र र गणतन्त्रको आधारभूत संरचनालाई नै कमजोर बनाउन खोजेको बताएको छ। नेकपाका प्रमुख सचेतक युवराज दुलालले आइतबार प्रतिनिधिसभा बैठकमा लोकप्रियताको आवरणमा आएका केही विचारले देशलाई पुनः द्वन्द्वतिर धकेल्न सक्ने चेतावनी दिए। बाँकी... स्रोत : **https://www.ratopati.com/story/573490/the-rsvp-document-is-trying-to-shake-the-foundation-of-democracy-ncp**

## राष्ट्रिय साहित्यिक पत्रकारिता दिवसमा तीन स्रष्टा सम्मानित

नेपाल साहिर्तियक पत्रकार सङ्घ केन्द्रीय समितलले शनिबार काठमाण्डौमा तीन जना साहित्यिक पत्रकारहरुलाई सम्मान गरेको छ। वरिष्ठ साहित्यकार एवम् नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व सदस्य सचिव डा तुलसी भट्टराईको प्रमुख आतिथ्यतामा भएको सो कार्यक्रममा उहाँले साहित्यिक पत्रकारहरुले विभिन्न भाषाका साहित्यिक पत्रिकाहरु प्रकाशन भैरहेको र सम्मान गरेकोमा खुसी व्यक्त गर्दै साहित्यिक पत्रकारिता स्वेच्छाले गरेकनेले यसको विकास र निरन्तरताकालागि सबै पक्षले सहयोग गर्नु पर्ने बताउनु भयो। बाँकी... स्रोत : **https://newsofnepal.com/2026/06/27/775109/**

## आज मदन भण्डारीको ७५ औँ जन्मजयन्ती, ओली-प्रचण्डले एउटै मञ्चबाट सम्बोधन गर्दै

तत्कालीन नेकपा एमालेका महासचिव मदन भण्डारीको ७५औँ जन्मजयन्ती आज विविध कार्यक्रम गरी मनाइँदै छ । जननेता भण्डारीको ७५औँ जन्मजयन्तीका अवसरमा मदन भण्डारी फाउण्डेसनले काठमाडौंस्थित राष्ट्रिय सभागृहमा विशेष कार्यक्रम आयोजना गर्न लागेको हो । बाँकी...

स्रोत : **https://shilapatra.com/detail/189231**

स्रोत : **https://www.ratopati.com/story/573469/today-is-the-75th-birth-anniversary-of-madan-bhandari**

## सेवा प्रणाली संकटमा, सरकार निरीह !

पछिल्लो समय नेपालको सार्वजनिक सेवा प्रदान गर्ने निकायहरू गम्भीर संकटमा परेका छन् । स्वास्थ्य क्षेत्रमा औषधीजन्य पदार्थदेखि क्यान्सरको औषधी अभाव, रेबिज भ्याक्सिन, रासायनिक मलको समस्या, स्वास्थ्य बीमाको भुक्तानी नहुँदा अस्पताल सञ्चालनमा समस्या, राजधानी उपत्यकासहित विभिन्न क्षेत्रमा बर्डफ्लुको जोखिम बढेको छ । कर्मचारीहरूले कानुन र ऐन देखाएर काम नै गर्न छाडेपछि सेवा वितरणको अवस्था दयनीय बन्दै गएको छ । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/06/28/775119/**

## पहिलोपटक राष्ट्रिय झण्डा नै बन्यो कला महोत्सवको एक मात्र विषय

झण्डा सामान्यतया फहराइन्छ । त्यसलाई सलामी दिइन्छ, सम्मान गरिन्छ । तर झण्डालाई हेर्ने, बुझ्ने र पुनःकल्पना गर्ने अवसर बिरलै आउँछ । यही बिरलै हुने प्रयासलाई मूर्त रूप दिँदै नेपाली कलाकारहरूले पहिलोपटक राष्ट्रिय झण्डालाई नै कला महोत्सवको केन्द्र बनाए । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/06/28/775127/**

## राष्ट्रिय प्रतीक झण्डा बन्यो कलाको विषय : ४५८ चित्रमार्फत नेपालको पहिचानको पुनर्व्याख्या

नेपाली कलाकारहरूले पहिलो पटक राष्ट्रिय झण्डालाई केवल सरकारी समारोहमा फहराइने प्रतीकका रूपमा होइन, 'कला, संस्कृति, अध्यात्म र राष्ट्रिय पहिचानको साझा विम्ब'का रूपमा प्रस्तुत गरेका छन् । यही प्रयासस्वरूप आयोजित 'झण्डा कला महोत्सव-२०८३'ले नेपाली कला क्षेत्रमा नयाँ विमर्श सुरु गरेको छ । आयोजकका अनुसार एउटै विषय-राष्ट्रिय झण्डा-लाई केन्द्रमा राखेर आयोजना गरिएको यति ठूलो कला प्रदर्शनी सम्भवतः विश्वमै पहिलो हो । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/06/27/775067/**

## चरिकोटमा एआई तालिम

गौरीशङ्कर सामुदायीक पुस्तकालय चरिकोट र मदन भण्डारी फाउण्डेशन दोलखाले शनिवारबाट सदरमुकाम चरिकोटमा दुईदिने एआई तालिम सुरु गरेको छ । तालिम उद्घाटन कार्यक्रममा एमाले नेता एवम् पूर्व मन्त्री आनन्दप्रसाद पोखरेलले एआईको विकासले रोजगारीमा असर गर्छ भन्ने भ्रम देखिएको उल्लेख गर्दै एआईको प्रयोगले नयाँ- नयाँ रोजगारीको अवसर प्राप्त हुने बताए । पूर्व मन्त्री पोखरेलले अहिलेको युगमा एआईको प्रयोग अनिवार्य बनेको उल्लेख गर्दै यसको व्यवस्थित र ठिक ढङ्गले प्रयोग गर्न प्रविधिको ज्ञान आवश्यक हुने बताए । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/06/27/775094/**

## कोशीमा भारी वर्षाको सम्भावना, चार दिनभित्र देशभर मनसुन फैलिने

हाल कोशी, मधेस र बागमती प्रदेशका सम्पूर्ण क्षेत्र, गण्डकी प्रदेशका केही तथा लुम्बिनी प्रदेशको पूर्वी क्षेत्रसम्म मनसुन वायुको प्रभाव रहेको छ । अन्य क्षेत्रमा पश्चिमी तथा स्थानीय वायुको आंशिक प्रभाव रहेको छ । जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार गण्डकी र लुम्बिनी प्रदेशका बाँकी क्षेत्र तथा कर्णाली र सुदूरपश्चिम प्रदेशभर आगामी तीनदेखि चार दिनभित्र मनसुन विस्तार हुने सम्भावना छ । **https://deshsanchar.com/2026/06/28/1198069/**

## अभावलाई जित्दै स्वर्ण-यात्रा

काठमाडौँमा २० देखि २२ जेठसम्म सम्पन्न १६औं राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा कोसी प्रदेशले करातेबाट राम्रो प्रदर्शन गर्दै आत्मविश्वास फर्कायो । कोसीले महिला करातेमा पदक मात्र जितेन, तीन तौल समूहमा स्वर्ण जित्दै 'क्लिन स्विप' गऱ्यो । ४५ केजीमा हिरा आले मगर, ५० केजीमा प्रनिशा नेपाल र ५५ केजीमा सशिका आले मगरले स्वर्ण जित्दा दशरथ रंगशालाको म्याटमा कोसी प्रदेशको छुट्टै प्रभाव देखियो । **https://www.nepalnews.com/2026/06/23/gold-journey-overcoming-poverty/**

## नेपालको उच्च शिक्षा : शैक्षिक, प्रशासनिक र आर्थिक रूपान्तरणको चुनौती

नेपालको उच्च शिक्षा अहिले एक महत्वपूर्ण मोडमा उभिएको छ । पछिल्ला केही दशकमा विश्वविद्यालयहरूको संख्या उल्लेख्य रूपमा बढेको छ । नयाँ-नयाँ विश्वविद्यालय स्थापना भएका छन्, विश्वविद्यालय अनुदान आयोग गठन गरिएको छ र उच्च शिक्षाको पहुँच पनि विस्तार भएको छ । तर विश्वविद्यालयहरूको संख्या बढ्दै जानु मात्र उच्च शिक्षाको विकासको सूचक हुन सक्दैन । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/blog/nepal-s-higher-education-the-challenge-of-academic-administrative-and-economic-transformation-25-41.html**

## कोशी प्रदेशको १२ जिल्लामा खेलकुद विकास समितिको अध्यक्ष चयन

कोशी प्रदेश खेलकुद विकास बोर्डले १२ वटा जिल्लाका जिल्ला खेलकुद विकास समितिको अध्यक्ष मनोनयन गरेको छ । प्रदेश खेलकुद विकास बोर्ड कोशी प्रदेशको यही असार १० गते बसेको बैठकले विभिन्न १२ जिल्ला खेलकुद विकास समितिको अध्यक्ष चयन गरेको हो । बोर्डले ओखलढुङ्गामा अनित गुरुङ, ताप्लेजुङमा चन्द्र कुमार थेवे, पाँचथरमा सन्तोष मोक्तान, इलाममा एतिराज काफ्ले, धनकुटामा मनोज कुमार राईलाई खेलकुद विकास समितिको अध्यक्ष पदमा मनोनयन गरेको छ । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/06/25/774822/**